का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ माघ २०७८,
आइतबार
06 February 2022,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

यात्रा २० औं वर्षको
१९ औं वार्षिकोत्सव
विशेषांक
थप ३२ पृष्ठ



## प्रकाशकीय

# दुई दशकको खुशी



हरेक वर्षको श्रीपञ्चमीले मध्यान्ह राष्ट्रिय दैनिक शुरु भइरहेको दिनको सम्झना ताजा बनाइदिन्छ । हामी ती सबै पुराना दिनहरु सम्झन्छौं । समाज र समयसँगै खेप्नुपरेका अनेक संकटको सम्झनाले हामीलाई मर्माहत बनाउँछ । तर, ती संकटविरुद्ध लड्दै फेरि सामान्यकालमा फर्कन मुलुक र नागरिकसँग गरिएको साझेदारीको सम्झनाले थप जिम्मेवारी बोध गराउँछ । अझ बढी प्रतिबद्ध र जिम्मेवार बन्न हाम्रै बिगतले हामीलाई प्रेरित गर्छ । यति भनिसकेपछि आजको दिन (श्रीपञ्चमी) 'मध्यान्ह राष्ट्रिय दैनिकको स्थापना दिवस हो' भनिरहनु परेन । हामी आजबाट दुई दशकको यात्रामा निस्किएका छौं ।

यो १९ वर्षे यात्रामा हामीले स्थापनाकालीन संकल्पमा सम्झौतारहित ढंगले प्रस्तुत हुने प्रयत्न गरेका छौं । अझ संविधान प्रदत्त नागरिकको सूचना पाउने हक, बहुलवादी लोकतान्त्रिक व्यवस्था र सबल/समृद्ध समाज स्थापना गर्न किञ्चित खुड्किला कमाएनौं भन्दा हर्षित हुन्छौं । हामी पाठकका परिवर्तित चाहनामा सहयात्री बन्न हरदम प्रयत्नरत थियौं, छौं र हुनेछौं । अझ भनौं- यो दुई दशकको सिकाइ पनि हो, हाम्रो । यो अवधिमा मध्यान्ह राष्ट्रिय दैनिक व्यवस्था परिवर्तनको साक्षी बनेको छ । प्राकृतिक, प्रशासनिक र राजनीतिक संकटहरुसँग जुधेको छ । राजतन्त्रको अन्त्य गर्दै गणतन्त्र स्थापना, झण्डै दशक लामो संविधान निर्माणकालीन संक्रमण, २०७२ सालको महाभूकम्प र शताब्दीकै ठूलो प्रकोप (कोरोना महामारी) का बेला मध्यान्हले सधैं नागरिक र राष्ट्रको पक्षधरता रोजेको छ । नागरिकका सुशासन र समृद्धिको चाहनामा सहयात्री बनेको छ । निष्पक्ष र तथ्य सूचना प्रवाहमा सम्झौतारहित ढंगले प्रस्तुत भएको छ ।

यिनै संकल्पका कारण सानो लगानीबाट शुरु भएर मध्यान्ह राष्ट्रिय दैनिक मुलुकको अग्रणी सञ्चार संस्थाहरुमध्यो बन्न सफल भएको छ । यदि नागरिकका संकटसँग भाग्ने सजिलो बाटो रोजिएको थियो भने आजको सफलता पक्कै मिल्ने थिएन । नागरिक, समाज र मुलुकको दुःखसुखका सारथी बन्ने संकल्पबाट अब पनि पछि हट्ने छैनौं । र, यो दुई दशकको यात्रासम्म आइपुग्नुमा आमपाठक, विज्ञापनदाता, बिक्रेता, सहकर्मी र शुभेच्छुकहरुको सहयोग अतुलनीय छ । जस्तासुकै कठिन परिस्थितिमा पनि मध्यान्हले साथ पाएको छ । आउने दिनमा आझ बढि अटुट विश्वास र भरोसा कायम हुनेमा पूर्ण विश्वस्त छौं । पाठक, विज्ञानदाता, बिक्रेता तथा शुभेच्छुकहरुप्रति मध्यान्ह अझ बढी जिम्मेवार, भरोसायोग्य र इमानका साथ प्रस्तुत हुने प्रण गर्दछ । धन्यवाद !

**सितादेवी श्रेष्ठ**
*प्रकाशक*

# गुमनाम कांग्रेसका मन्त्रीहरु

नेकपा एकीकृत समाजवादी र नेकपा माओवादी केन्द्रका मन्त्रीहरुको कामकारबाही चर्चामा आउँदा गठबन्धनको ठूलो दल नेपाली कांग्रेसका सबै मन्त्री गुमनाम जस्तै भएका छन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २२ माघ ।

सरकारको नेतृत्व गरेको नेपाली कांग्रेसका मन्त्रीहरुको कामकारबाही चुस्त हुन नसकेको विषयलाई पार्टीकै नेताकार्यकर्ताले स्वीकार गरेका छन् । कांग्रेसबाट चयन भएका मन्त्रीहरु गुमनाम भएको प्रसंग बाहिरिरहँदा मन्त्रीहरुको कामकारबाहीलाई लिएर असन्तुष्टी बढेको हो ।

नेकपा एकीकृत समाजवादी र नेकपा माओवादी केन्द्रका मन्त्रीहरुको कामकारबाही चर्चामा आउँदा कांग्रेसका सबै मन्त्री गुमनाम भए भन्ने चर्चा चुलिएको हो । कांग्रेसका मन्त्रीहरुले अपेक्षाकृत काम केही गर्न नसकेको भन्दै नेपाली कांग्रेसका नेता देवेन्द्रराज कडेँलले आलोचना गरेका छन् । 'अरु मन्त्रीहरुको तुलनामा अपेक्षा गरे बमोजिम काम नभएकै हो, मन्त्रीहरुले राम्रो काम नदेखाउँदा हाम्रो पार्टीप्रतिको विश्वास घट्न सक्छ,' नेता कडेँलले भने ।

कांग्रेसभित्र सुसदीय दलको बैठक समेत बस्न नसकेको गुनासो गर्दै उनले अहिलेको सरकारबाट आफूले पनि धेरै आशा नगरेको बताए । 'गणेश प्रवृत्तिका नेताहरुको

– बाँकी पृष्ठ २ मा



## स्थानीय निर्वाचन

# आयोगको तयारी तीव्र सरकारको आलटाल

आयोगले चुनावको तयारी तीव्ररुपमा अगाडि बढाउँदा सरकार भने सुस्त गतिमा चलेको छ । जसका कारण सरकारले मिति घोषणा गर्न पनि आलटाल गरिरहेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २२ माघ

स्थानीय तहको निर्वाचनको मिति तोक्न सरकारलाई चौतर्फी दबाब परिरहेको छ । तर निर्वाचन आयोगले जेठ ४ गते एकै चरणमा निर्वाचन गर्न सरकारलाई मिति प्रस्ताव गरेको पाँच दिन बितिसक्दा पनि सरकारले चुनावको मिति घोषणा गर्न सकेको छैन । प्रधानमन्त्री शेरबहादुर देउवाले आगामी ४ जेठमा स्थानीय चुनाव गर्ने सहमति जनाएसँगै आयोगले तयारी शुरु गरिसकेको छ। तर कतिपय कार्य भने निर्वाचनको मिति घोषणा भएपछि मात्र शुरु हुने आयोगको भनाइ छ।

चुनावको तयारी स्वरुप आयोगल मतपत्र डिजाइनको प्रक्रिया अघि बढाएको छ। आयोगले शनिबार एक सूचना जारी गर्दै मतपत्र, लोगो, निर्वाचन चिह्न तथा निर्वाचन शिक्षा तथा सूचना सामग्री डिजाइनका लागि दरखास्त आह्वान गरेको हो। योग्यता पुगेका इच्छुक व्यक्तिले सूचना प्रकाशित भएको

– बाँकी पृष्ठ २ मा

### एमालेको दबाब

यता प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले स्थानीय चुनावको मिति तत्काल तोक्न सरकारलाई निरन्तर दबाब दिइरहेको छ । एमालेले संविधान र कानुनले तोकेको समयमै स्थानीय तहको निर्वाचन नभए सरकारविरुद्ध जनपरिचालन गर्ने चेतावनीसमेत दिएको छ ।

एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले संविधान र कानुनी व्यवस्था अनुसार स्थानीय तहको निर्वाचनको मिति सरकारले घोषणा नगरे त्यसको रक्षाका लागि पनि आफूहरुले सरकारविरुद्ध आन्दोलन गर्ने बताएका छन् । शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले श्रीमानहरुले बनाएको वर्तमान सरकारले संविधान र कानुन उलंघन गर्ने धृष्टता गरिरहेको

– बाँकी पृष्ठ २ मा

# नागरिकमा खोपको पहुँच बढ्दै

१ करोड ५४ लाख ८२ हजार ८७ जनाले पूर्ण र ६ लाख तीन हजार ४ सय ८ जनाले अतिरिक्त मात्रा खोप लगाएको स्वास्थ्य मन्त्रालयलको तथ्यांक ।



**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ माघ

नेपालमा कोरोना भाइरसविरुद्धको खोप लगाउनेको संख्या बढ्दै गएको छ। सरकारले सार्वजनिक सेवा लिन खोप कार्ड अनिवार्य गरेपछि खोप लगाउनेको संख्या ह्वात्तै बढेको हो । पछिल्लो २४ घण्टामा झण्डै ६ लाख जनाले कोरोना विरुद्धको खोप लगाएका छन् । स्वास्थ्य तथा जनसख्या मन्त्रालयका अनुसार गएको २४ घण्टामा ५ लाख ८८ हजार ४ सय ४० जनाले कोरोना विरुद्धको खोप लगाएका हुन् ।

योसहित नेपालमा अहिलेसम्म तीन करोड ३८ लाख २६ हजार ३ सय ३० मात्रा खोपको प्रयोग भएको छ । जसमा १ करोड ७७ लाख ४० हजार ८ सय ३५ जनाले पहिलो मात्रा, १ करोड ५४ लाख ८२ हजार ८७ जनाले पूर्ण मात्रा र ६ लाख तीन हजार ४ सय ८ जनाले अतिरिक्त मात्रा खोप लगाएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

ई-पेपर हेर्न

– बाँकी पृष्ठ २ मा

# जापान र कोरिया छाडेर गाउँमै कृषि

**म्याग्दी/रासस–** दश वर्षको जापान बसाइलाई बीट मारेर आफ्नै देशमा फर्किएका म्याग्दीको मङ्गला गाउँपालिकाका कृष्ण पौडेल, १६ वर्ष मलेसिया बसेर गाउँ फर्किएका बेनी नगरपालिका २ का ध्रुव थापा, लामो समय कोरियामा रोजगारी गरेका डडुवाका कृष्ण बानियाँ स्वदेश फर्केर व्यावसायिक कृषिमा लागेका छन् । लामो समयसम्म विदेशमा काम गरी कमाएको पैसा गाउँमा नै कृषि क्षेत्रमा लगानी गरेर मनग्य आम्दानी गर्न म्याग्देली युवाहरु सफल भएका छन् । विदेशबाट फर्केका युवाहरु आधुनिक प्रविधि र साधन स्रोतको प्रयोग गरी व्यावसायिक रुपमा नै कृषिमा लागेपछि गाउँमा रहेका युवाहरु पनि कृषि पेशाप्रति आकर्षित भएका छन् ।

जिल्लाका बेनी नगरपालिका सहित ६ वटै स्थानीय तहहरुमा पछिल्लो समय व्यावसायिक कृषि फस्टाउँदै गएको स्थानीय तहका कृषि प्राविधिकहरुले बताएका छन् । विगत दुईवर्ष यता म्याग्दीमा २८ जना युवाहरु विदेशबाट फर्केर व्यावसायिक कृषिमा लागेका छन् ।

ती मध्येका एक हुन् मङ्गला गाउँपालिकाका कृष्ण पौडेल । जापानमा १० वर्ष बिताउनुभएका मङ्गला गाउँपालिका- २ तल्लो डडुवाका युवा पौडेलले व्यावसायिक रुपमा कृषि तथा पशुपालन गर्नुभएको छ । परम्परागत शैलीको

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## कुवेतद्वारा एकै महिनामा करिब दुई हजार विदेशी देश निकाला

**काठमाडौं/मस–** कुवेतले कानून उल्लंघन गरेको आरोपमा एकै महिनामा करिब दुई हजार विदेशीलाई देश निकाला गरेको छ। कुवेतका स्थानीय सञ्चार माध्यमहरूका अनुसार सन् २०२२ को जनवरी महिनामा मात्रै १ हजार ७ सय ६४ जना आप्रवासीलाई देश निकाला गरेको छ। अरब टाइम्सका अनुसार जनवरी महिनामा देश निकाला गरिएका १ हजार ७ सय ६४ विदेशीमध्ये १ हजार ५८ जना पुरुष र ७ सय ६ महिला रहेका छन् ।

कुवेतका गृहमन्त्री शेख थामेर अल-अलीलेको नेतृत्वमा अवैज्ञानिक विदेशी कामदार तथा आप्रवासी निकाल्न थालिएको बताईएको

– बाँकी पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
२३ माघ २०७८, आइतबार
06 February 2022, Sunday

# छुरा प्रहार घटनामा राजनीतिकरण: पीडित पक्षकै ७ जनाविरुद्ध मुद्दा !

**राजेन्द्र महतो / मध्यान्ह**
सिरहा, २२ माघ

सिरहाको नवराजपुर गाउँपालिकामा गत पुस २९ गते एक युवा माथि छुरा प्रहार भएको थियो। नवराज गाउँ पालिका - ४ का रामरिझन यादवलाई युवाहरुको एक समूहले छुरा प्रहार गर्दा यादव गम्भीर घाइते भएका थिए।

स्थानीय जनता न. प्रा. मावि सोनवर्षा नजिकै व्यस्त सडकमै छुरा प्रहार गरिएको थियो। उनलाई स्थानीयले उद्धार गरी नजिकै एउटा औषधी पसल पुऱ्याए। तर त्यहाँ पनि उपचार सम्भव नभएपछि उनलाई लहान र त्यसपछि विराटनगर रेफर गरियो। विराटनगरस्थित विराट नर्सिङ होममा दुई दिन उपचार पश्चात उनी घर फर्किए।

घर आएलगत्तै उनीले ईलाका प्रहरी कार्यालय पतारीमा उजुरी दिँदा प्रहरीले दर्ता मानेन। त्यसपछि उनले पत्रकार सम्मेलन गरे, अनी बल्ल माघ ९ मा प्रहरीले आरोपी ६ जनामाथि मुद्दा दर्ता गऱ्यो।

स्थानीय सन्तोष यादव, विनोद यादव, रामअधिन यादव, कृष्णा मण्डल, देवराम यादव र रोस्तम मियाँमाथि मुद्दा दर्ता भएको छ। जसमा सन्तोष यादवलाई मुख्य अभियुक्त बनाइएको छ। प्रहरीले आरोपी रोस्तम मियाँ र कृष्णा मण्डललाई पक्राउ गरेर अनुसन्धान



तथा कारबाही समेत अगाडि बढाइसकेको छ।

यता, आरोपीहरुले पनि पीडित पक्षका ७ जनामाथि मुद्दा दर्ता गराएपछि घटनाले राजनीतिक रुप लिएको छ। आरोपीको तर्फबाट रबी मण्डलले स्थानीय दिपेन्द्र यादव, राजकुमार यादव, रामवोध साह, उमेश यादव, धर्मनाथ यादव, रामरिझन यादव र बब्लु यादवमाथि जिल्ला सरकारी कार्यालयमा ज्यान मार्ने उद्योगमै मुद्दा दर्ता गराएका छन्।

दिपेन्द्र यादव नेकपा एकिकृत समाजवादी पार्टीका गाउँपालिका अध्यक्ष हुन्। उनीसहितका ७ जनाले पुस २९ गते राति आक्रमण गरेर आफ्नो ज्यान मार्ने प्रयास गरेको आरोप मण्डलले लगाएका छन्। मण्डल नवराजपुर गाउँपालिकाको कार्यालय सहयोगी पनि हुन्। पुस २९ साँझमा छुरा प्रहारबाट घाईते रामरिझन राति उपचारका लागि विराटनगर पुगिसकेका थिए। मण्डलले उनीमाथि पनि मुद्दा दर्ता गराएको छ। रामरिझनमाथि छुरा प्रहार गर्नेहरुमाथि मुद्दा दर्ता भएपछि प्रतिशोध लिन आरोपीको मतियार बनेर काउण्टर मुद्दा दिएको मण्डलमाथि आरोप लागेको छ। गाउँपालिका अध्यक्ष विश्वमोहन यादवले कार्यालय सहयोगी मण्डललाई प्रयोग गरेर प्रतिशोध लिन आफूहरुमाथि मुद्दा दर्ता गराएको नेकपा एसका गाउँपालिका अध्यक्ष यादवले बताए। प्रहरीले मुद्दा दर्ता नगरेपछि सरकारी वकिल कार्यालयमा गएर दुःख दिने नियतले मुद्दा दर्ता गराएको उनको भनाई छ।

उनले मध्यान्हसँग भने, 'छुरा प्रहार भएको रामरिझन काकाका छोरा छन्। उनीमाथि छुरा प्रहार गर्नेहरुमाथि मुद्दा दर्ता नगर्न गाउँपालिका अध्यक्ष लगायतले प्रहरीलाई दबाब दिएका थिए। तरपनि मुद्दा दर्ता भएपछि प्रतिशोधन लिन आफूहरुमाथि काउण्टर मुद्दा दर्ता गराएका छन्।'

उनका अनुसार मण्डलले मुद्दा दर्ता गराएकामध्ये धर्मनाथ यादव लहानस्थित मुक्तिनाथ विकास बैंकमा सुरक्षा गार्डको काम गर्छन्। जुन दिन (पुस २९ मा) मार्ने उदेश्यले आफूमाथि आक्रमण गरेको भनेर मण्डलले आरोप लगाएका छन्। त्यो दिन यादव बैंकमै थिए। बैंकको सिसिटिभी फुटेजमा पनि गएर हेर्न सकिन्छ।'

दुई पक्षले एक अर्कामाथि मुद्दा दर्ता गराएपछि गाउँपालिकामा राजनीतिक ध्रुविकरण भएको छ। नेपाली कांग्रेस मण्डलको पक्षमा उभिएको छ भने नेकपा एस, नेकपा माओवादी केन्द्र, जसपा, नेकपा एमाले लगायतका सबै दल एक भएका छन्। अर्थात् कांग्रेस बाहेक सबै दल रामरिझनका पक्षमा देखिएका छन्।

रामरिझनको पक्षबाट माओवादी केन्द्रका संघीय सांसद सुरेशचन्द्र दास यादव, नेकपा एसका नेता एवं प्रदेश मन्त्री प्रमोद यादव, नेकपा एसकै प्रदेश अध्यक्ष रामचन्द्र यादव, जसपा गाउँपालिका अध्यक्ष शिव उदगार यादव लगायतका नेताहरु शुक्रवार सिरहा पुगेर प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखलाई भेटेर पीडितलाई न्याय र अपराधीलाई कारबाही गर्न दबाब दिएका छन्। सो क्षेत्रबाट निर्वाचित सांसद यादवले छुरा प्रहार गर्नेहरुमाथि मुद्दा दर्ता भएपछि काउण्टरमा आरोपीहरुको पनि मुद्दा दर्ता हुनु दुःखद रहेको बताए। उनले सरकारी वकिल कार्यालयले घटनाको छानविन समेत नगरी पीडितहरुमाथि मुद्दा दर्ता गरेपछि सिडिओ र एसपीलाई भेटेर अपराधीलाई कारबाही र झुठा मुद्दा खारेज गर्न आग्रह गरेको बताए।

## राष्ट्रिय कृषक समुह महासंघ नेपालद्वारा राहत वितरण


**सिरहा / मस-** राष्ट्रिय कृषक समुह महासंघ नेपालले सिरहाको १०९ घर बिपन्न परिवारलाई राहत वितरण गरेको छ। जिल्लाको गोलबजार नगरपालिकाका वडा नम्बर १ ,५,८, र १० का १०९ घर धुरी बिपन्न परिवारलाई राहत वितरण गरिएको हो।

गोलबजार नगरपालिका भित्र रहेका धर्मपुर, मुक्सार, चहर्वा सदाय टोललगायत ठाँउहरुमा मजदुरीबाहेक आमदानीको श्रोत नभएको र भूमीहिन सुकुम्बासीलगायत ज्यालादारीमा काम गर्ने परिवारहरुलाई राहत सहयोग गरीएको कृषक महासंघका प्रतिनिधि राम सेवक रामले मध्यान्हलाई बताए।

गोलबजार नगरपालिकाका १०९ घर धुरी बिपन्न परिवारलाई दुई महिना खान पुग्ने दाल ,चामललगायत प्रति व्यक्ति १३ हजार ३ सय ३३ रुपैया मूल्य बराबरको राहत सहयोग गरीएको उनले बताए। उक्त राहत स्थानीय जनप्रतिनिधि तथा वडा नं. ८ का वडाध्यक्ष नागेन्द्र सिंह महतोको रोहवरमा वितरण गरिएको थियो।

महतोका अनुसार महासंघ र केयर नेपालको सहयोगमा बिपन्न समुदायमा जाडो मौसममा काम गर्न कठिन हुँदा गरिब दलितहरुलाई राहत सहयोग गरिएको हो।




**गुमनाम...**
हालीमुहाली भएका हुँदा यो खालको समस्या देखिएको हो, यसमा कांग्रेसले गम्भीर छलफल गर्नुपर्छ,' नेता कडेंलले भने। मन्त्रीहरुले पार्टीभित्र पनि छलफल गरेर जनताको समस्या उठाएको भए सो खालका समस्या नआउने वनि प्रतिक्रिया दिए। कांग्रेसका नेता मात्रै होईन, विज्ञहरु पनि कांग्रेसका मन्त्रीहरुले काम नै गर्न नसकेको बताउँछन्।

'कांग्रेसको प्रतिनिधित्व गरेर अहिले जतिपनि मन्त्रीमण्डलमा छन्, तिनीहरुको काम नदेखिएको होईन नगरेकै हो, यसले देउवाको कार्यकाल असफल बनाउन मद्धत पुऱ्याउँछ,' राजनीतिक विश्लेषक डा. राजेश अहिराजले भने। उनले यो सरकाले चुनाव गराउने बाहेकका अन्य उल्लेखनीय काम केही गर्न नसक्ने प्रतिक्रिया दिए।

सर्वोच्च अदालतले दोश्रो पटक संसद पुर्नस्थापना गरी सरकार निर्माणका लागि परमादेश जारी गरेको थियो। सोही बमोजिम प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन भएको हो। गत असोज २२ गते मन्त्रीमण्डल विस्तार गरेर मन्त्रीहरुले काम सुचारु गरेपनि कांग्रेबाट गएका कुनै मन्त्रीको काम पनि प्रभावकारी देखिन सकेको छैन। हाल कांग्रेसको मातहतमा रक्षा, गृह, परराष्ट्र, सञ्चार, महिला, कानून, उद्योग मन्त्रालय रहेका छन्। सबैभन्दा बढी मन्त्रालयको नेतृत्व गर्दापनि कुनै मन्त्रीको कामकारवाही चुस्त हुननसकेको भन्दै जनस्तर देखि पार्टी कमिटीमै आलोचना भएको हो।

**चर्चामा पर्यटनमन्त्री आले**

केही समयअघि रुखले कार्बनडाईअक्साईड दिन्छ भनेर आलोचित भएका आले अहिलेको मन्त्रीमण्डलमा सबैभन्दा बढी अब्बल निस्किएका छन्। बतासले लिएको जग्गा प्रकरण देखि एयरपोर्ट सुधार र निर्देशनका काममा सक्रिय देखिएपछि उनको प्रंशसा बढेको हो। उनको मात्रै होइन उनका पार्टीबाट मन्त्री बनेका कृष्ण कुमार श्रेष्ठ (किसान) र रामकुमारी झाँक्रीको पनि अन्यको तुलनामा काम राम्रो देखिएको छ।

त्यसैगरी माओवादी केन्द्रबाट मन्त्री बनेका पम्फा भुसाल, शशि श्रेष्ठ लगायतका केही मन्त्रीको प्रयास पनि सकारात्मक देखिएको छ। तर, गठबन्धनको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसका मन्त्रीहरु भने गुमनाम नै देखिएका हुन्।

**स्थानीय...**
मितिदेखि ५ दिनभित्र आवेदन दिन सक्ने आयोगले बताएको छ। चित्रकला, ग्राफिक डिजाइन, दृष्टान्त चित्र (इलुस्ट्रेसन) र ग्राफिक डिजाइनमा ज्ञान हासिल भएको हुनुपर्ने छ।

आयोगले चुनावको तयारी तीव्ररुपमा अगाडि बढाउँदा सरकार भने सुस्त गतिमा चलेको राजनीतिक विश्लेषकहरु बताउँछन्। प्रधानमन्त्री देउवाले सहमति जनाएर पनि निर्वाचनको मिति घोषणा आलटाल गरिरहेको उनीहरु बताउँछन्। पाँच दलीय सत्ता गठबन्धनमा सहमति नहुँदा केही समय निर्वाच ऐन संशोधनको तयारीसमेत सरकारले गरेको थियो। तर प्रधानमन्त्री देउवाले आयोगसँग जेठ ४ मा चुनाव गर्ने सहमति जनाएपछि भने अब बस्ने मन्त्रिपरिषद् बैठकबाट मिति घोषणा हुन सक्ने विश्लेषकहरुको अनुमान छ। यसअघि बिहीबार बस्ने मन्त्रिपरिषद् बैठकले मिति घोषणा गर्ने सम्भावना थियो। तर बिहीबार मन्त्रिपरिषद्को बैठक नै बस्न सकेन।

**एमालेको...**
आरोपसमेत लगाए। वरिष्ठ उपाध्यक्ष पोखरेलले सरकारले संविधान र कानुन विपरित काम गरे सञ्चारमाध्यामहरुले पनि विरोध गर्नुपर्ने बताए। उनले पार्टी निकट सञ्चारकर्मीहरुलाई पार्टीको विचार प्रवाह गर्न र सही सूचना जनतामा पुऱ्याउने काममा केन्द्रित हुन आग्रह गरे।

२०७४ वैशाख ३१ गते, असार १४ गते र असोज २ गते गरी तीन चरणमा भएको स्थानीय तहको चुनावबाट निर्वाचित पदाधिकारीहरुको पदावधि आउँदो जेठ ५ गते सकिँदै छ। संविधानमा ६ महीनाभित्र गाउँ वा नगर सभा गठन गर्नुपर्ने व्यवस्था छ भने ऐनमा स्थानीय तहका जनप्रतिनिधिको पदावधि सकिनुभन्दा दुई महीनाअघि निर्वाचन गर्नुपर्ने व्यवस्था छ।

**नागरिकमा...**
सरकारले पनि सबै नागरिकको पहुँचमा कोभिडविरुद्धको खोप पुऱ्याउनका लागि खोप कार्ड नभएकाहरुलाई सार्वजनिक सेवा नदिने नीति लिनु परेको स्पष्ट पारेको छ। स्वास्थ्य मन्त्रालयले कोभिड विरुद्धको खोप लिन मानिसहरुले आनाकानी गरिरहेकाले सरकारले उनीहरुलाई खोपको दायरामा ल्याउन यस्तो नीति लिनु परेको प्रष्टयाएको हो।

सार्वजनिक सेवा लिन खोप अनिवार्य गरिएका कारण कोभिडविरुद्धको खोप लगाउनेहरुको भीड लाग्न थालेको मन्त्रालयको बुझाई छ। स्वास्थ्य मन्त्रालयले खोपको अभाव नभएको भन्दै स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी खोप लगाउन बारम्बार आग्रह गर्दै आएको छ।

तर यता सर्वोच्च अदालतमा भने कोभिड खोप अनिवार्य गर्ने सरकारको निर्णयविरुद्ध रिट दर्ता भएको छ। अधिवक्ता सल्लु तिवारी र कानुनका विद्यार्थी सविन पोखरेलले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित विभिन्न सरोकारवाला निकायलाई विपक्षी बनाएर रिट निवेदन दायर गरेका हुन्।

रिट निवेदनमा खोप कार्ड नभएकालाई सेवाबाट बञ्चित गर्नेदेखि सार्वजनिक स्थलमा प्रवेश रोकसमेत लगाउने सरकारी निर्णय गैरकानुनी रहेको जिकिर गरिएको छ। यो निर्णयलाई राष्ट्रिय मानव अधिकार आयोगले समेत मानव अधिकार उपभोगमा असर गर्नेसमेत दाबी गरिएको छ। सो निर्णय उत्प्रेषणको आदेशले बदर भागी भएकाले बदर गरी इच्छुक सबै नेपाली नागरिक र व्यक्तिलाई सहजताका साथ खोप उपलब्ध गराउनु भन्ने परमादेश लगायत आवश्यक आदेश दिन माग गरिएको छ। सर्वोच्चमा उक्त रिटमाथि शुक्रबार भने सुनुवाइ हुन सकेको थिएन। तर सरकारले भने खोप कार्ड अनिवार्य गर्नु नागरिकमा खोपको पहुँच बढाउनु नै रहेको दाबी गरेको छ।

**घट्दै संक्रमणदर**

पछिल्लो २४ घण्टामा १ हजार ७१४ जना कोरोना संक्रमित थपिएका छन्। देशभर गरिएको ५ हजार २२५ पीसीआर र ३ हजार २८८ जनाको एन्टीजेन परीक्षणका क्रममा १ हजार ७१४ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। यो सँगै कुल संक्रमितको संख्या ९ लाख ६५ हजार २२२ जना पुगेको छ। कुल संक्रमितमध्ये ५२ हजार ७८० जना सक्रिय संक्रमित छन्।

गत २४ घण्टामा ४ हजार ७७१ जना संक्रमित निको भएका छन्। यो सँगै देशभर निको हुनेको संख्या ९ लाख ६३९ पुगेको छ। उक्त अवधिमा ९ जना संक्रमितको मृत्यु भएको मन्त्रालयले जनाएको छ। हालसम्म कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ११ हजार ८०३ पुगेको छ। हाल १३१ जना क्वारेन्टिनमा छन्। २५१ जना आइसीयू र ४९ जना भेन्टिलेटरमा रहेको मन्त्रालयले जनाएको छ।

**जापान...**
खेती र पशुपालनलाई विस्थापित गर्दै लकडाउनको समयमा कृषि र पशुपालनलाई व्यावसायिक आम्दानीको स्रोतको रुपमा अघि बढाएका हुन्। टिकेवी बहुउद्देश्यीय पशुपालन तथा कृषि फार्मबाट मकै, कोदो खेती रहेको बारीलाई विस्थापित गरेर चारसय सुन्तला लगाभएका छन् भने करिव दुईसय बोटबाट यस वर्ष दाना उत्पादन भएको कृषक पौडेलले बताए। गतवर्ष उत्पादन भएका सुन्तला काठमाण्डौं पुऱ्याएका कृषक पौडेलले यस वर्ष उत्पादन भएका सुन्तला पोखरा पुर्याउन व्यापारी घरमै आएपछि कृषक पौडेल खुशी छन्।

गत वर्ष सुन्तला खेतीबाट करिव एकलाख आम्दानी गरेका पौडेलको यस वर्ष आम्दानी बढ्ने अनुमान छ। सुन्तला उत्पादन वर्षैपिच्छे नयाँ बोटहरुमा फल्दैं गएपछि आम्दानी पनि बढेको छ। मकै कोदो लगायतको खेतीलाई विस्थापित गरेर सुन्तलासँगै गोलभैंडा, बन्दाकाउली लगायतको तरकारी खेतीबाट मात्रै मासिक रुपमा १५ हजार भन्दा बढी आम्दानी गरेका छन्। पौडेलले फलफूल तथा तरकारी खेतीलाई आवश्यक फलका लागि व्यावसायिक रुपमा उन्नत जातका बाख्रापालन गरेका छन्।

करिब २० लाख लगानीमा विगत २ वर्षदेखि ४० वटा उन्नतजातका बोयर र स्थानीय बाख्रा पालन गरेको उनले बताए। क्रस बोयर पाठापाठी उत्पादन गरेर बिक्री गर्ने योजनासहित आधुनिक किसिमको खोर निर्माण गरेको कृषक पौडेलको भनाइ रहेको छ। उनको व्यावसायिक कृषि तथा पशु फार्मलाई ब्यवस्थित गर्न मङ्गला गाउँपालिकाले २ लाख सहयोग गरेको छ भने भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट घाँस काट्ने उपकरण अनुदान पाएका छन्।

पौडेलले एकजनालाई रोजगारी दिएका छन् भने बुवा तेजराज र आमा टीकाकुमारी पौडेलले पनि सहयोग गरिरहेका छन्। स्थानीय सरकारले घर नजिक कृषि सडक पुर्याएपछि कृषकले उत्पादन गरेको तरकारी तथा फलफूल र खशी बोका बिक्रीका लागि बजार पठाउन सहज भएको छ।

त्यसैगरी बेनी नगरपालिका २ ज्यामरुककोटका ध्रुव थापाले पनि १६ वर्ष मलेशियामा बसेर गाउँ फर्केपछि गरेको व्यावसायिक तरकारी खेतीले उनको जीवनमा हरियाली फर्काएको छ। तरकारी बेचेर मात्रै मासिक ५० हजार भन्दा बढी आम्दानी गर्दै आएका थापाले करिब ७ रोपनी बारीमा मौसमी र बेमौसमी प्रजातिका विभिन्न तरकारीहरु लगाएका छन्।

**कुवेतद्वारा...**
छ। देशको शान्ति सुरक्षा कायम गर्न कानून उल्लंघन गर्ने पक्राउ परेकालाई कानूनी कारबाही अघि बढाइएको गृह मन्त्रालयले जनाएको छ। कुवेतको गृह मन्त्रालयले गत वर्ष सेप्टेम्बरदेखि अवैधानिक विदेशी धरपकड अभियान थालेको थियो। पक्राउ गरिएका विदेशीहरूको राष्ट्रियता नखुलेको भएपनि पक्राउ पर्नेहरूमा अवैधानिक हैसियतले बसेका नेपालीहरू पनि रहेको नेपालीहरूको अनुमान छ।






मध्यान्ह
www.madhyanhadaily.com




# जन्ती लिएर जाँदै गरेको जीप दुर्घटना

## ८ जनाको मृत्यु, ५ घाइते



**लुम्बिनी/मस-** प्यूठानको नौबहिनी-६ लुङबाट गौमुखी गाउँपालिका-६ लिवाङतर्फ जन्ती लिएर जाँदै गरेको जीप दुर्घटना हुँदा आठ जनाको मृत्यु भएको छ ।

तीमध्ये घटनास्थलमा ६ र उपचारका क्रममा जिल्ला अस्पताल बिजुवारमा दुई जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय प्यूठानले जनाएको छ ।

दुर्घटनामा बेहुला र बेहुलीसहित पाँचजना घाइते भएका छन् । लुङबाट विवाह सकेर शुक्रबार राति बेहुली लिएर फर्किएको जन्तीसहितको ग १ ख ५०९२ नंको जीप गौमुखीकै वडा नं ६ ओखरपाटा भन्ने स्थानमा शनिबार बिहान ३ बजेको समयमा सडकदेखि करिब १५० मिटर तल खसेर दुर्घटना भएको प्रहरीले जनाएको छ । दुर्घटनमा परी गौमुखी गाउँपालिका-६ का एकै परिवारका तीनजनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा एकै परिवारका ३९ वर्षीय वसन्त खड्का, ३९ वर्षीया बसन्ता खड्का र ११ वर्षीय एलिसा खड्का रहेका छन् । त्यस्तै, सोही ठाउँकी २९ वर्षीया केशरी खड्का, गाडी चालक ५२ वर्षीय बलबहादुर बुढामगर, ३२ वर्षीय खिमबहादुर खत्री, ५२ वर्षीया नन्दी खड्का र नौबहिनी गाउँपालिका-६ की २० वर्षीया विपना जिसी रहेका छन् । मृतकमध्ये वसन्त र एलिसाको उपचारका क्रममा मृत्यु भएको हो भने अन्य ६ जनाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा घाइते पाँचजनामध्ये बेहुली नौबहिनी गाउँपालिका-६ किमिचौरकी २० वर्षीया रिमा जिसी, बेहुला गौमुखी-६ लिवाङका २५ वर्षीय दानबहादुर खड्का, सोही ठाउँका १७ वर्षीय नरेश खड्का, २१ वर्षीय हरि बुढामगर र नौबहिनी ६ की २५ वर्षीय सावित्रा जिसी रहेका छन् । दुर्घटनामा परी घाइतेहरुको जिल्ला अस्पताल बिजुवारमा उपचार भइरहेको छ । बेहुली नौबहिनी गाउँपालिका-६ किमिचौरकी २० वर्षीया रिमा जिसीको अवस्था गम्भीर रहेको छ । बेहुला दानबहादुर खड्काको अवस्था भने मध्यम रहेको जनाइएको छ । यसैगरी किमिचौरकै २५ वर्षीया साबित्रा जिसी, २१ वर्षीय हरि बुढामगर र लिवाङका १७ वर्षीय नरेश खड्काको स्वास्थ्य अवस्था पनि गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय प्यूठानले जनाएको छ ।

यस्तै दुर्घटनामा परी आठजनाको मृत्यु भएको घटनाप्रति लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुलप्रसाद केसीले दुःख व्यक्त गरेका छन् । मुख्यमन्त्री केसीले शनिबार एक शोक वक्तव्य जारी गर्दै मृतकप्रति श्रद्धाञ्जलि र परिवारजनमा समवेदना र घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् ।

यस्तै सोही क्षेत्रका प्रदेशसभा सदस्य हरि प्रसाद रिजालले पनि दुर्घटनप्रति दुःख व्यक्त गर्दै मृतकप्रति श्रद्धासुमन अर्पण गरेका छन् । साथै उनले घाइतेको शीघ्रस्वास्थ्य लाभको समेत कामना गरेका छन् ।

# ताराखोलाको आफ्नै प्रशासनिक भवन

**गलकोट/मस-**बागलुङको ताराखोला गाउँपालिकाको प्रशासनिक भवनको निर्माण सकिएको छ । ठेक्का सम्पन्न गर्ने सम्झौता मितिअगाडि नै सुविधा सम्पन्न प्रशासनिक भवन बनेको ताराखोला गाउँपालिकाले जनाएको छ ।

पाँच करोड रुपैयाँको लागतमा निसान/आचार्य/वि.के जेवी निर्माण कम्पनीले पाँच महिना अगावै ताराखोला गाउँपालिकामा लिफ्ट सुविधासहित अपाङ्गमैत्री प्रशासकीय भवन निर्माण गरेको हो । लिफ्टसहितको सुविधासम्पन्न सो भवन जिल्लाकै पहिलो प्रशासनिक भवन हो । नेपालमा सङ्घीयता लागू भएपछि स्थानीय सरकारलाई प्रशासनिक कार्यका लागि सुविधासम्पन्न भवनको अभाव हुँदै आएको थियो ।

ताराखोला गाउँपालिकाले हालसम्म प्रशासनिक शाखा कार्यालयहरु सार्वजनिक तथा निजी भवन भाडामा लिएर कार्य सम्पादन गर्दै आएका छन् ।

गाउँपालिकाले साबिक अर्गल गाविसको भवनबाट कार्य सम्पादन सुरुआत गरेको थियो । भवनलाई स्तरोन्नति गरी प्रशासनिक कार्य सम्पादन गर्दै आएकामा गण्डकी प्रदेश सरकारको ६० प्रतिशत अनुदान र गाउँपालिकाको ४० प्रतिशत गरी कूल रु पाँच करोडको लागतमा ठेक्का प्रक्रियाबाट भवन निर्माण सुरु गरेको गाउँपालिकाका अध्यक्ष प्रकाश घर्तीले जानकारी दिए ।

उनले नवनिर्मित प्रशासकीय भवनबाट फागुन १ गतेदेखि सेवा दिने तयारीमा रहेको बताए । 'अहिलेको भवन निकै साँघुरो थियो, सेवा प्रवाहमा निकै समस्या थियो', अध्यक्ष घर्तीले भने, 'नयाँ प्रशासनिक भवन निर्माण भएसँगै सेवा प्रवाहमा समेत सहज हुने अपेक्षा रहेको छ ।'

निसान/आचार्य/वि.के जेवी निर्माण कम्पनीले २०७७ असार २० गते रु पाँच करोड १० लाख सात हजार लागतमा भवन निर्माण गर्नका लागि सम्झौता गरेको थियो । २०७९ साल असार २० गते सम्पन्न गर्नुपर्नेमा ६ महिनाअगाडि नै भवन निर्माण सकिएको र माघ महिनाभित्रै गाउँपालिकालाई हस्तान्तरण गरिने निर्माण कम्पनीका प्रतिनिधि ओमप्रकाश घर्तीले बताए ।


## कुवेत र ओमनमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: NAJMA AL QURAIN SALON FOR MEN'S COMPANY. शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/१०/२० चलानी नं.: ६०१७३८९६ LT. No.: 257507

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barber | 2 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४७,३९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicure/pedicure/massager | 3 | 0 | | 120 | ४७,३९४ | | | | | | | |

२. कम्पनी: AL-SHOROOQ FOR CEMENT PRODUCTS शहर: OMAN

पूर्व स्वीकृत मितिः २०७८/०९/०२ चलानी नं.: ६०१७०८२३ LT. No.: 253987 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Mixer Operator | 3 | 0 | सम्बन्धित काममा दक्ष | 190 | ५९,४०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Concrete Mixtures Controller | 2 | 0 | | 190 | ५९,४०३ | | | | | | | |
| 3. | Prefabricated Cencrete Maker | 5 | 0 | | 120 | ३७,५१८ | | | | | | | |
| 4. | Truck Drivers | 15 | 0 | | 190 | ५९,४०३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुण १ गते (13 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कुवेतको निःशुल्क ओमनको रु १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु स"ग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम इजाजत नं.: ३९७/०६०/०६१

फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोनः ४३६०५७६, ४३५०७१९
Mobile:9810101810,9851100426 Email: futurestarmp397@gmail.com


# ५० पत्रकारको निःशुल्क आँखा परीक्षण

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, २२ माघ



प्रेस चौतारी बाँकेले आफ्नो २४ औं स्थापना दिवस मनाएको छ ।

दिवसको अवसमार भिजन आँखा अस्पतालको सहयोग र समन्वयमा ५० जना पत्रकारहरुको निःशुल्क आँखा परीक्षण गराइएको प्रेस चौतारी नेपाल बाँकेका अध्यक्ष दुर्गा रोकायले जानकारी दिए ।

अस्पतालका मेडिकल डाइरेक्टर वरिष्ठ फेको तथा जलविन्दु विशेषज्ञ डा. प्रचण्ड गौतमका अनुसार आँखा परीक्षण गरिएका ५० जना पत्रकारहरु मध्ये दुई जना पत्रकारमा शल्यक्रिया गर्नुपर्ने मोतिया विन्दू र एकजनालाई जलविन्दूको समस्या देखिएको छ भने १६ जना पत्रकारलाई टाढा कम देख्ने दृष्टि दोषको समस्या र १२ जनालाई नजिक कम देख्ने समस्या देखिएको छ ।

डा. गौतमले परीक्षण गरिएका मध्ये सबभन्दा बढी २७ जना अर्थात् ५४ प्रतिशत पत्रकारहरुमा आँखामा सुख्खापनको समस्या देखिएको बताउँदै आँखामा एलर्जी, परेलामा सुजन, ४ जनाको आँखामा ब्लड प्रेसर, मधुमेह रोग भएका १० जना पत्रकारहरुमा दृष्टिपर्दाको स्थिति भएको तर सामान्य अवस्थामा रहेको देखिएको जानकारी दिए ।

आँखा परीक्षणका क्रममा पत्रकारहरुले लगातार कम्प्युटर र मोवाइलको स्क्रिनमा हेर्ने तथ्याङ्क पनि संकलन गर्दै २३ जना अर्थात् ४६ प्रतिशत पत्रकारले दैनिक तीन घण्टा भन्दा बढी लगातार स्क्रिनमा हेर्ने गरेको र दैनिक दुई घण्टा भन्दा कम लगातार स्क्रिनमा हेर्नेहरु ११ जना रहेको पाइएको डा. गौतमले बताए । अस्पतालका प्रवन्ध निर्देशक बावुतरुण गौतमले शल्यक्रिया गर्नुपर्ने पत्रकारहरुका लागि ५० प्रतिशत, चस्मामा ३३ प्रतिशत छुट दिइएको उनले बताए । यस्तै चेकजाँच र औषधि भने निःशुल्क वितरण गरिएको छ । शल्यक्रियाबाट हुन सक्ने संक्रमणबाट बचाउनको लागि मोड्युलर सेवा नेपालमै पहिलो पटक शुरु गरिएको र जलविन्दूको शल्य क्रिया पनि पश्चिम नेपालमा भिजन आँखा अस्पतालमा मात्र हुने जानकारी प्रवन्ध निर्देशक बावुतरुण गौतमले दिए ।

प्रेस चौतारी नेपाल बाँकेका सचिव कमल डाँगीका अनुसार भिजन आँखा अस्पतालमा सम्पन्न आँखा परीक्षण कार्यक्रममा अस्पतालका मेडिकल डाइरेक्टर वरिष्ठ फेको तथा जलविन्दु विशेषज्ञ डा. प्रचण्ड गौतमका अतिरिक्त अस्पतालका प्रविधिक तथा अन्य कर्मचारीहरु मोनिका राना क्षेत्री, एककता थापा, पूजा थापा, दिपक थारु र चुडामणि चौधरी संलग्न थिए । गत साता मात्र भिजन आँखा अस्पतालले नयाँ प्रविधि थपेर स्तरोन्नति गर्दै आँखाको शल्यक्रियाको लागि देशमै पहिलो पटक नेपालगन्जमा अत्याधुनिक मोड्युलर शल्यक्रिया कक्ष निर्माण गरी शल्यक्रिया सेवा शुरु गरेको छ ।

वरिष्ठ फेको तथा जलविन्दु विशेषज्ञ डा. प्रचण्ड गौतमका अनुसार अहिलेसम्म दैनिक २० देखि २५ वटा आँखाको विद्यमान शल्यक्रिया कक्ष (अप्रेशन थियटर) बाट शल्यक्रिया गर्ने क्षमता रहेकोमा सो अस्पतालमा अब दुई वटा मोड्युलर शल्यक्रिया कक्ष (अप्रेशन थियटर) बाट दैनिक एक सय जनाको शल्यक्रिया गर्न सक्ने गरी क्षमता विस्तार गर्दै स्तरोन्नति गरिएको छ । मोड्युलर शल्यक्रिया कक्ष (अप्रेशन थियटर) निर्माण महँगो प्रविधि हो ।

अस्पतालका प्रवन्ध निर्देशक बावुतरुण गौतमले २०७५ साल माघ २७ गते नेपालगन्जको मुख्य केन्द्र सुर्खेतरोड स्थित नेपालगन्ज मेडिकल कलेजको सामुन्ने १५ शैया क्षमताबाट शुरु गरिएको भिजन आँखा अस्पतालमा अहिले करीब ५० लाख रुपैयाँको लागतमा एउटा मोड्युलर र अर्को सेमि मोड्युलर गरी २ वटा शल्यक्रिया कक्ष (अप्रेशन थियटर) अस्पतालको दोस्रो तल्लामा निर्माण गरिएको जानकारी दिए ।

भिजन आँखा अस्पतालमा वरिष्ठ फेको तथा जलविन्दु विशेषज्ञ डा. प्रचण्ड गौतम बाहेक एक जना काठमाडौं र एक जना भैरहवा अस्पतालबाट आँखा रोग विशेषज्ञ, २ जना स्थायी रुपमा आँखा रोग विशेषज्ञ, आँखा, प्रयोगशाला, एक्सरे सम्बन्धि ३ जना प्राविधिक लगायत २५ जना कर्मचारी कार्यरत छन् ।

आँखा परीक्षण कार्यक्रम पूर्व प्रेस चौतारी बाँकेले आफ्नो २४ औं स्थापना दिवसको अवसरमा विहान शुभकामना आदान प्रदान कार्यक्रमको पनि आयोजना गरिएको थियो । उक्त कार्यक्रममा नेपाल पत्रकार महासंघ बाँकेका अध्यक्ष दामोदर भण्डारी, प्रेस चौतारीका प्रदेश तथा केन्द्रीय नेताहरु, नेकपा एमाले बाँकेका अध्यक्ष किस्मत कुमार कक्षपति, प्रेस युनियन बाँकेका अध्यक्ष अर्जुन ओली लगायतले शुभकामना व्यक्त गरेका थिए ।


Khijidemba Rural Municipality

Office of the Rural Municipal Executive

Khijifalate, OKhaldhunga

Province No. 1, Nepal

**Request for Application**

**Date of Publication: 2078-10-23**

1. Khijidemba Rural Municipality, invites electronic applications from eligible Internet Service Provider (ISP) to **Build Broadband Network and Provide Internet Access Connectivity Services in 66 Sites of Khijidemba Rural Municipality** under National Competitive Bidding procedures. Khijidemba Rural Municipality will provide subsidy to the successful applicants to establish broadband network and provide internet access connectivity services. The estimated subsidy amount for the works is **Nrs. 75,23334.68 including VAT.** The Contact (subsidy) shall be provided to the qualified and successful applicant that has applied for lowest subsidy.
2. The Scope of work, eligibility criteria and qualification requirement are explained in RFA.
3. Applicants may obtain further information and inspect the RFA Documents at the office of the Khijidemba Rural Municipal Executive, **Email:- khijeedembarm2073@gmail.com** or may visit PPMO **website www.bolpatra.gov.np/egp**.
4. A complete set of RFA documents may be purchased and downloaded from PPMO's Web Site www.bolpatra.gov.np/egp, Applicants, submitting their bid electronically, should deposit the non-refundable cost Nrs. 3000.00 of RFA document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the applicant at the time of electronic submission of the Application.
   **Information to deposit the cost of RFA document in Bank:**
   Name of the Bank : Mega Bank Limited , Khijidemba Branch
   Name of Office : Khijidemba Rural Municipality, Office of Rural Municipal Executive,
   A/C No. : **1050010009086** (For purchasing fee of RFA Document)
   A/C No. : **1050010009166** (For Bid Security Cash Deposit)
5. Electronic Applications must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00 Hrs. on 2078-11-24**, Applications received after this deadline will be rejected.
6. The Applications will be opened in the presence of Applicants' representatives who choose to attend at **13:00 Hrs. on 2078-11-24** at the office of Rural Municipal Executive. Application must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Nrs. 1,85,000.00, which shall be valid for 30 days beyond the validity period of the Application.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of Application submission.
8. Executive Office reserves the right to accept or reject, wholly or partly any or all the Application

**Chief Administrative Officer**


# डम्बर हत्या प्रकरणमा थप दुई पक्राउ

**बैतडी/मस-** बैतडीको सुर्नया गाउँपालिका- ६ का डम्मर अवस्थी हत्या प्रकरणमा प्रहरीले थप दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सोही ठाउँका रमाकान्त अवस्थी र गोपाल अवस्थी रहेका बैतडीका प्रहरी प्रवक्ता एवम् प्रहरी निरीक्षक दर्शन खड्काले जानकारी दिए ।

रमाकान्त र गोपाललाई डम्बरको परिवारले दिएको जाहेरीका आधारमा घरबाटै पक्राउ गरिएको हो । उनले भने, 'पक्राउ परेका दुवै जनामाथि अदालतबाट म्याद थप गरेर अनुसन्धान सुरु गरेका छौं ।' पक्राउ परेका दुवैजना स्थानीय विद्यालयका शिक्षकसमेत हुन् ।

यसअघि डम्मरको हत्यामा संलग्न हरिश अवस्थी र नवराज अवस्थी प्रहरी नियन्त्रणमा रहेका छन् । उनीहरु हत्यामा संलग्न रहेको स्वीकार गरिसकेकाले अदालतबाट म्याद थपेर अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ ।

गएको मङ्सिर १४ गते घरबाट हराएका डम्मरको शव घर नजिकैको जङ्गलमा गत पुस २८ गते फेला परेको थियो । उनको हत्या गरेर गुफामा शव गाडेको अवस्थामा फेला परेको थियो । हरिशले दिएको लोकेसनका आधारमा डम्बरको शव गाडेको अवस्थामा फेला परेको थियो ।


## साउदीमा वैदेशिक रोजगार

कम्पनी: WAFAA WORLD CONTRACTING CO. GENERAL ARCHITECTURE
शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/१५ चलानी नं.: ६०१६९२८७ LT. No.: 252080 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३१,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुण १ गते (13 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Miyon International Pvt. Ltd.
श्रम इजाजत नं. १२६३/०७४/०७५
Subhidhanagar-35, Kathmandu, Nepal (50 meters ahead of Kantipur Television Building)
Tel: 5199459, Fax: 5199531, Email: miyon.international@gmail.com, Website: miyoninternational.com

Hilton Academy Pvt.Ltd.
A great place for career

HOSPITALITY TRAINING
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या
Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker,
Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy,
Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोट:
६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
गरिएको जानकारी गराउदछौं

सम्पर्क
Hilton Academy
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

मध्यान्ह
www.madhyanhadaily.com
२३ माघ २०७८, आइतबार
06 February 2022, Sunday

## सम्पादकीय

# एमसीसीमा सर्वपक्षीय सहमति खोज

केही वर्षदेखि अमेरिकन मिलेनियम च्यालेन्ज कर्पोरेसनद्वारा नेपाललाई प्रदान गरिने अनुदान सहायता कार्यक्रम एमसीसीको विषयले निकै चर्चा र चासो पाउँदै आएको छ । झण्डै ५५ अर्ब बराबर रकम खर्च हुने सो परियोजनाले नेपालको राजनीतिक नेतृत्व र आम नेपालीको समयलाई जर्बजस्त रूपमा बहसका निम्ति खर्च गराएको छ । नेपाली मिडिया जगतले वर्षौंदेखि सो विषयलाई विशेष प्राथमिकताका साथ विचार, समाचार र अर्न्तवार्ताको लागि समय र स्थान छुट्याउँदै आएका छन् । सामाजिक सञ्जालमा झण्डै करोडौंको संख्याका नेपालीहरूले एमसीसीको विषयलाई लिएर वाद प्रतिवाद गरिरहेका छन् । एउटा पक्षले सो अनुदान परियोजना नेपालको विकास अनुकुल छ, यसलाई निःसर्त संसदबाट पास गरेर अगाडि बढाउनुपर्छ भनेर तर्क गरिरहेको छ भने अर्को पक्षले यो अनुदान सहायता कार्यक्रम मूलुकको अहितमा छ अगाडि बढाउनु हुँदैन भनेर तर्क गरिरहेको छ । दुबै पक्षका आ–आफ्नै प्रकारका तर्कहरू छन् ।


नेपालले विश्व राजनीतिक मञ्चमा अहिलेसम्म आफुलाई तटस्थ राष्ट्रको असंलग्न परराष्ट्र नीतिअनुसार उभ्याउँदै आएको छ । राज्यले अगाडि सारेको सोही नीतिमा नै राज्यको मूल प्रवाहमा जोडिएका राजनीतिक दलहरू सहमत हुँदै आएका छन् । सोसँगै नेपालको विकासका निम्ति लगानीसम्बन्धी नीतिको सम्बन्धमा पनि मुख्य राजनीतिक दलको करिब समान मान्यता रहेको पाइन्छ । त्यसैले औपचारिक रूपमा हेर्दा मूल प्रवाहमा रहेका राजनीतिक दल र नेतृत्वमा निजी क्षेत्र र मूलुकमा वैदेशिक लगानीको सम्बन्धमा गहिरो मतभिन्नता रहेको पाइँदैन । अझ समाजवाद उन्मुख संविधानले राज्य र नागरिकको जुन दायित्व र अधिकारलाई लक्षित गरेको छ, यसले पनि मूलुकको परराष्ट्र नीति र लगानीसम्बन्धी विषयलाई निर्धारण गर्न सहयोग पुऱ्याएको छ ।

वर्तमान विकसित विश्वमा वैदेशिक तथा कुटनीतिक र लगानी सम्बन्ध अति संवेदनशील र महत्वपुर्ण विषय हो । हिजो जोसुकै दल वा नेतृत्वमा एमसीसी सम्झौता भएको भएतापनि त्यो मूलुकसँग जोडिएको विषय हो । सो परियोजनामा जुन परिमाणको विवाद देखिएको छ अब यसलाई सम्बोधन नगरी अगाडि बढ्नु हुँदैन । किनकी यसले भोलिको दिनमा सिर्जना गर्ने सकारात्मक वा नकारात्मक असर कसैले जिम्मेवारी लिएर जवाफ दिन सकिँदैन । त्यसैले सम्पुर्ण राजनीतिक दल र नेतृत्वले एकपटक यसलाई साझा मुद्दा बनाएर स्वीकार गर्ने वा अस्वीकार गर्ने निर्णय लिनुपर्दछ । ताकी यसैको कारण मुलुक कमजोर हैन बलियो बनाउँदै अमेरिकासँगको मित्रतालाई पनि कायम गर्न सकियोस् ।

# स्वच्छ ऊर्जाको प्रवर्द्धन र वातावरण संरक्षण

**नेपाललाई ऊर्जा क्षेत्रमा आत्मनिर्भर बनाई दिगो विकासको लक्ष्य हासिल गर्न र जलवायु परिवर्तनको प्रभावको सामना गर्न नवीकरणीय ऊर्जा प्रविधिको विकास र विस्तारमा जोड दिनुपर्ने हुन्छ ।**

*अग्रलेख*



● कृष्ण अधिकारी

विश्वव्यापी रुपमा बढ्दो वातावरण विनाश र यसले जलवायु प्रणालीमा पारेको प्रभावका कारण प्राणी र वनस्पती जगतका लागि आगामी दिन अझ कठिन बन्दै जाने देखिएको छ । बढ्दो जीवाश्म इन्धनको खपत र प्राकृतिक स्रोत साधनको अधिक दोहनले गर्दा विश्वव्यापी तापमानमा वृद्धि भई अनेक प्राकृतिक विपद् र अनेक रोगव्याधिका घटना बढ्न थालेपछि केही वर्षयता विश्वव्यापीरुपमा यसको रोकथामका विभिन्न प्रयासहरु प्रारम्भ भएपनि अझै ठोस पहल भने हुन सकेको छैन । आज विश्व कोभिड रोगबाट जसरी आतंकित बनेको छ, भोलि वातावरणीय प्रदूषणका कारण निम्तिने असर अझ धेरै गुणा बढी जोखिमपूर्ण हुने विज्ञहरुले बताएका छन् । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका अनुसार विश्व महामारीबाट फर्किदै गर्दा यस वर्ष कार्बनडाइअक्साइड उत्सर्जनमा ठूलो उछाल आउन सक्छ । २०१९ को तुलनामा २०२१ मा कुल ऊर्जा उत्सर्जन थोरै कम भएपनि कार्बन डाइअक्साइडको उत्सर्जन भने बढ्ने देखाएको छ । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीको अनुसार सन् २०२० मा कोरोना महामारीले गर्दा आर्थिक गतिविधि सुस्त भएको कारण कार्बनडाइअक्साइड उत्सर्जनमा ५.८ प्रतिशतले गिरावट आएको थियो तर, वर्षको अन्त्यदेखि यो बढ्दै गएको छ । २०२० को डिसेम्बरमा उत्सर्जन बढेर २ प्रतिशत भएको थियो जुन २०१९ को भन्दा धेरै हो ।



जलवायु परिवर्तनको चुनौती सामना गर्न संसारका धनीहरुले आफ्नो जीवनशैलीमा आमूल परिवर्तन गर्नपर्दछ । संयुक्त राष्टसंघका अनुसार विश्वका एक प्रतिशत धनी मानिसले गरीब ५० प्रतिशतले भन्दा दोबर कार्बन उत्सर्जन उत्पादन गर्छ । विश्व मौसम विज्ञान सङ्गठनद्वारा प्रकाशित एक रिपोर्टमा अबको पाँच वर्षमध्य जुनै वर्षमा पनि विश्वव्यापी तापमान सीमामा पुग्ने सम्भावना बढ्दै गइरहेको उल्लेख छ । सो अध्ययनले २०२५ सम्ममा कम्तिमा एक बर्ष पूर्व औद्योगिक स्तरभन्दा १.५ सी तातो हुने ४० प्रतिशत सम्भावना रहेको बताएको छ । यो पेरिस सम्झौताले मौसम परिवर्तनमा तय गरेको दुई डिग्रीको तापमानको सीमाभन्दा कम हो ।

ऊर्जा एजेन्सीका अनुसार विश्वले २०५० सम्ममा शून्य कार्बन उत्सर्जन प्राप्त गर्न २०२५ देखि सबै जीवाश्म इन्धन परियोजनाहरू खारेज गर्नपर्ने हुन्छ । यसअनुसार विश्वभरि नयाँ पेट्रोल र डिजल कारहरूको बिक्री २०३५ सम्ममा समाप्त हुनेछ । एजेन्सीले आगामी तीन दशकमा जीवाश्म इन्धनको मागमा तीव्र रुपमा गिरावट आाउने र विश्वव्यापी ऊर्जा क्षेत्रले कार्बन तटस्थता प्राप्त गर्न सन् २०४० सम्म म्याद राखिएको पूर्वानुमान गरेको छ । एजेन्सीका अनुसार अबदेखि नयाँ कोइला, तेल वा ग्याँस अन्वेषण वा आपूर्ति हुने छैन । ऊर्जा क्षेत्र हरित गृह ग्याँसको उत्सर्जनको ७५ प्रतिशत स्रोत रहेकाले नवीकरणीय ऊर्जामा लगानी वृद्धि गर्नु पर्ने देखिन्छ ।

संयुक्त राष्ट्रको एक रिपोर्टले छोटो अवधिमा मौसम परिवर्तनलाई नियन्त्रण गर्न मिथेन ग्याँसको उत्सर्जन घटाउनु पर्नेमा जोड दिएको छ । ग्लोबल वार्मिङको दरलाई घटाउन जीवाश्म इन्धन उद्योगलगायत मिथेन उत्सर्जनमा गहिरो कटौती तुरुन्तै गर्नपर्ने हुन्छ । कार्बनडाइअक्साइडको तुलनामा मिथेनको तापक्रम बढी हुने र वातावरणमा कार्बनडाइअक्साइडभन्दा धेरै छिटो फैलिने हुनाले मिथेनको उत्सर्जनलाई कम गर्न विश्वका नेताहरू सहमत भएका छन् । वातावरणीय चुनौतीको सामना गर्दै स्वच्छ विश्व निर्माणका लागि केही देशहरुबाट सकारात्मक कार्यहरुको थालनी भएका छन् । विश्वव्यापी वातावरणीय सन्तुलन कायम राख्न कोइलाको प्रयोग निषेध र नवीकरणीय ऊर्जाको खपतलाई बढाउनुपर्ने हुन्छ । समृद्ध देशहरूलाई कोइलाबाट बिजुली उत्पादन अन्त्य गर्न धनी राष्ट्रहरूले गरिब राष्ट्रहरूलाई मद्दत गर्नपर्ने तथा बैंक र वित्तीय संस्थाहरूलाई कोइलाबाट विद्युत् केन्द्रहरू बनाउन देशलाई पैसा ऋण दिन नहुने आवाज उठेको छ ।

## नेपालका लागि अवसर

हरितगृह अत्यन्त न्यून मात्र उत्सर्जन गर्ने नेपालले जलविद्युत् तथा नवीकरणीय ऊर्जाको उपयोग गरी देशभित्र ऊर्जाको माग पूरा गर्न र छिमेकी मुलुकहरूमा समेत निर्यात गरी त्यहाँको कोइला र प्राकृतिक ग्याँसको खपत घटाई हरितगृह ग्याँसको उत्सर्जनलाई न्यूनीकरण गराउन सहयोग गर्न सक्ने देखिन्छ । स्कटल्याण्डको ग्लास्गोमा गत अक्टोबर ३१ देखि नोभेम्बर १२ सम्म भएको जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरुको २६ औं सम्मेलन (कोप २६) को अवसरमा ऊर्जा दिवसका अवसरमा ग्रिन ग्रिड इनिसेटिभ एण्ड पावरिङ पाष्ट कोल एलायन्समा कोइलारहित प्रतिबद्धतामा हस्ताक्षर भएको थियो । यस प्रतिबद्धताले हरित ऊर्जा स्रोतहरुको लागि लगानी बढाउन तथा अन्य देशमा हरित ऊर्जाको व्यापार एवं उत्सर्जन घटाउने पहिचान गराउन मद्दत पुग्ने छ । कोप सम्मेलनमा सहभागी विश्वका १५० भन्दा बढी मुलुकले सहभागिता जनाउनुको साथै हरित गृह ग्याँसको उत्सर्जन कम गर्न स्वच्छ ऊर्जाको विकास र विस्तारमा जोड दिने भएका छन् ।

> जलवायु परिवर्तनलाई मानवताका लागि सबैभन्दा ठूलो खतराको रुपमा लिन थालिएको छ । यसले सभ्यतालाई नै पछाडि धकेल्न सक्ने सम्भावना रहेकाले सही उपायहरू अपनाएर तापमान वृद्धिलाई रोक्न सकिने अवस्था अझै रहेकाले यसतर्फ ढिलाइ गर्ने समय छैन ।

राष्ट्रिय प्रसारणलाई एसियादेखि अफ्रिका हुँदै विश्वभर विस्तार गर्न, विद्युत् व्यापारलाई सहजीकरण गर्न र हरितगृह ग्याँसको उत्सर्जनलाई न्यूनीकरण गर्ने उद्देश्यले यो अभियान सुरु गरिएको बताइएको छ । हरित ऊर्जा क्रान्ति तथा आर्थिक वृद्धि, समावेशिता र दिगो विकासका उद्देश्यहरू हासिल गर्न स्वदेशमै उत्पादन हुने विद्युत्को खपत वृद्धि गरी महँगो मूल्यमा आयात गरिने इन्धनलाई कम गर्न, स्वदेशी स्वच्छ ऊर्जाबाट बढ्दो ऊर्जाको माग पूरा गर्न र छिमेकी मुलुकहरूलाई विद्युत् निर्यात गरी असन्तुलित व्यापार घाटा कम गर्न एवं विदेशी मुद्रा आर्जन गर्न सक्ने सम्भावनाका बारेमा नेपालले आफ्नो धारणा राखेको थियो । यस अभियानमा अब कोइलामा लगानी गरिने छैन भन्ने विश्वव्यापी प्रतिबद्धताले नेपाललाई स्वच्छ ऊर्जामा थप लगानी भित्र्याउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

नेपालले जलविद्युत् र नवीकरणीय ऊर्जाका स्रोतहरूबाट अहिले नै ९७ प्रतिशत जनतामा विद्युत्को पहुँच पुगेको छ । हाल उत्पादन भएको दुई हजार मेगावाट विद्युत्बाट विद्युत्मा खाना पकाउने, विद्युतीय सवारी साधन र थप उद्योगधन्दा सञ्चालन गर्नेतर्फ अग्रसर भैरहेकामा सन् २०३० सम्म थप १५ हजार मेगावाट विद्युत् उत्पादन गरी सबैलाई विद्युत् सुविधा पुग्ने छ । यसबाट सन् २०३० सम्म ३० मिलियन मेट्रिकटन कार्बनडाइअक्साइड र सन् २०५० सम्म ५० मिलियन मेट्रिकटन कार्बनडाइअक्साइड प्रतिवर्ष घटाउन सकिने छ । अहिले नै वर्षायाममा ५०० देखि ७०० मेगावाट विद्युत् छिमेकी मुलुकहरुलाई बिक्री गर्न सक्ने अवस्था रहेको छ भने हाल तीन हजार मेगावाट विद्युत् क्षमताका विद्युत् आयोजना निर्माणाधीन अवस्थामा छन् र सन् २०३० सम्म थप १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको छ । यसबाहेक नेपालबाट भारत र बंगलादेशमा विद्युत् निर्यात गरी ती देशमा कोइला र प्राकृतिक ग्याँसको खपत कम गरी प्रतिवर्ष ४० देखि ६० मिलियन मेट्रिक टन कार्बनडाइअक्साइड उत्सर्जिन कम गर्न सकिने सम्भावना रहेकाले नेपालले स्वच्छ ऊर्जाको क्षेत्रमा विश्वव्यापीरूपमै नेतृत्व गर्न सक्ने सम्भावना रहेको छ ।

कोप सम्मेलनकै क्रममा हरितगृह ग्याँस उत्सर्जन कटौतीमा योगदान गरेवापत ३० करोड अमेरिकी डलर (करिब रु ३६ अर्ब) प्राप्त गर्ने एक सम्झौतामा नेपालले हस्ताक्षर गरेको थियो । कोप-२६ मा सहभागी विश्व नेताहरूको शिखर बैठकलाई सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री शेरबहादुर देउवाले सन् २०४५ भित्र विशुद्ध शून्य उत्सर्जनमा पुग्ने लक्ष्य नेपालले राखेको र सन् २०३० भित्र कूल ऊर्जा मागको १५ प्रतिशत स्वच्छ ऊर्जा स्रोतबाट परिपूर्तिको सुनिश्चित गर्ने बताउनुभएको थियो । उहाँले देशको ४५ प्रतिशत भूखण्ड वन क्षेत्रले ढाक्ने पनि उल्लेख गर्नभएको थियो । यिनै प्रतिबद्धतासहित नेपाली अर्थतन्त्रका सबै क्षेत्रलाई कार्बनरहित बनाउने महत्वाकाक्षी योजनासहितको राष्ट्रिय जलवायु योजना (एनडिसी) नेपालले पेस गरिसकेको छ । कोप-२६ मा सहभागी विश्वका सयभन्दा बढी देशका नेताले सन् २०३० भित्र वन विनाश रोक्न सहमति जनाएका छन् । वन विनाशले पृथ्वीलाई तताउने कार्बनडाइअक्साइड ग्याँस सोस्ने वनजंगल मासिने भएकाले जलवायु परिवर्तनको समस्या तीव्ररुपमा बढ्दै गएको सन्दर्भमा भएको यस सहमतिलाई पृथ्वीमा रहेको वन जोगाउन तथा बढाउन एउटा महत्वपूर्ण उपलब्धिको रुपमा हेरिएको छ । वन संरक्षणमा जस्तै स्वच्छ ऊर्जाको क्षेत्रमा पनि नेपालले राम्रो प्रगति हासिल गरिसकेको नवीकरणीय ऊर्जाले प्रयोगले विद्युतीकरणसँगै कार्बन उत्पादनमा समेत विशेष भूमिका खेल्दै आएको छ । हालसम्म नवीकरणीय ऊर्जासँग सम्बन्धित आयोजनाको सञ्चालनबाट उत्पादन भएको कार्बन बिक्रीबाट दुई करोड २६ लाख २४ हजार ८०८ दशमलव ९७ अमेरिकी डलर आम्दानी भएको छ ।

नेपालले ऊर्जाको आधारभूत आवश्यकता परिपूर्ति गर्न र बढ्दो वन विनाशलाई कम गर्न केही वर्षदेखि नवीकरणीय ऊर्जा प्रविधिलाई उच्च प्राथमिकता दिँदै आएको छ । नवीकरणीय ऊर्जा क्षेत्रमा सरकार, दातृ निकाय र निजी क्षेत्रको सामूहिक पहलका कारण उल्लेखनीय उपलब्धि हासिल हुन सकेको छ । नेपाल सरकारले पेरिस सम्झौताको पक्ष राष्ट्र भएबमोजिम दोस्रो राष्ट्रिय निर्धारित योगदान २०७७ मार्फत स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नेपालीको मौलिक अधिकारको संरक्षण गर्न र जलवायु परिवर्तनको चुनौतीलाई सामना गर्नको निम्ति विभिन्न लक्ष्यहरु समेटेको छ । साथै, १५ औं योजनामार्फत दिगो विकास लक्ष्य प्राप्तिका लागि ऊर्जा पहूँच, ऊर्जा सम्मिश्रण, हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण तथा ऊर्जा सुरक्षाको निम्ति वैकल्पिक तथा नवीकरणीय उर्जाका विभिन्न लक्ष्यहरु समेटेको छ । योजनावधिमा कुल ऊर्जामा नवीकरणीय ऊर्जाको योगदान १२ प्रतिशत पुऱ्याउने र कुल जनसङ्ख्याको थप पाँच प्रतिशतमा विद्युत् सेवा उपलब्ध हुनेछ ।

नेपाल सरकारले अन्तराष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धता जस्तै दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्ममा ९९ प्रतिशत जनतामा विद्युत्को पहुँच पुऱ्याउने लक्ष्य लिएको छ । नेपाललाई ऊर्जा क्षेत्रमा आत्मनिर्भर बनाई दिगो विकासको लक्ष्य हासिल गर्न र जलवायु परिवर्तनको प्रभावको सामना गर्न नवीकरणीय ऊर्जा प्रविधिको विकास र विस्तारमा जोड दिनुपर्ने हुन्छ । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत नवीकरणीय ऊर्जा प्रविधि प्रवर्द्धन, जडान भएका नवीकरणीय ऊर्जा प्रविधिहरुलाई स्वच्छ विकास संयन्त्रअर्न्तगत आठ वटा आयोजनाबाट ५१ लाख ९८ हजार ३५८ मेट्रिक टन कार्बन उत्सर्जन घटाई कार्बन ब्यापारमार्फत करिब रु दुई अर्ब ५२ करोड आम्दानी भइसकेको छ भने कार्बन परियोजनाको सञ्चालन र मर्मत गर्दै गएमा भविष्यमा थप आम्दानी हुने निश्चित छ । केन्द्रले हरित जलवायु कोष प्रत्यक्ष पहुँच निकायको मान्यता प्राप्त गरी कोषमा पेश भएको खाना पकाउन स्वच्छ ऊर्जाको प्रयोग सम्बन्धित १० लाख घरधुरी लाभान्वित हुने लगभग छ अर्ब बराबरको परियोजना स्वीकृत भएको छ । पाँच वर्षभित्रमा १० लाख घरधुरीमा स्वच्छ ऊर्जा प्रविधिको पहुँच पहुँच पुऱ्याउने प्रस्ताव हरित जलवायु कोषले स्वीकृत गरेको छ भने विश्व बैंकसँग सात लाख घरधुरीमा विद्युतीय चुलो प्रवर्द्धनका लागि अर्को कार्यक्रम प्रस्ताव गरेको छ ।

तापक्रम वृद्धिका कारण हिमताल, हिमनदी पग्लिने, अनियन्त्रित डढेलो, चट्याङ तथा अधिक वर्षा र बेमौसमी वर्षाजस्ता चरम मौसमी गतिविधि बढेको आइपिसिसीको प्रतिवेदनमा उल्लेख छ । जलवायु परिवर्तनलाई मानवताका लागि सबैभन्दा ठूलो खतराको रुपमा लिन थालिएको छ । यसले सभ्यतालाई नै पछाडि धकेल्न सक्ने सम्भावना रहेकाले सही उपायहरु अपनाएर तापमान वृद्धिलाई रोक्न सकिने अवस्था अझै रहेकाले यसतर्फ ढिलाइ गर्ने समय छैन । त्यसैले जलवायु परिवर्तनको संकट गहिरिँदै गएको र भोलिका दिनमा यस्ता घटना अझ बढ्दै जाने भएकाले नेपालजस्ता मुलुकहरुले पनि अनुकूलन र जुध्ने उपायहरुमा जोड दिन अपरिहार्य छ । यसका लागि भरपर्दो विकल्प भनेकै नवीकरणीय ऊर्जाको विकास र विस्तार गरी जीवनस्तरमा सुधार ल्याउनु नै हो ।

## सामाजिक सञ्जाल



**- गंगा मानव**

चीन, भारत, अमेरिका हाम्रा मित्र राष्ट्र हुन् । आफ्नो हितका लागि सबैसँग आवश्यक सहयोग लिनुपर्छ । कोसँग सहयोग लिँदा को रिसाउँछ/खुसाउँछ भन्ने दबाबमा परेर निर्णय गर्नु जोई/पोइटिङ्गे राष्ट्रवाद हो । यस्तो राष्ट्रवादले अन्ततः देशलाई कंगाल बनाउँछ र विदेशी हस्तक्षेप पनि निम्त्याउँछ ।



**- पुरुषोत्तम ढुंगेल**

सरकारको दलाल नेता, मन्त्री, प्रधानमन्त्री र राष्ट्रपतिलगायत सबै मिलेर गरीब जनताले खुन पसिना बगाएर सँचित गरेको ढुकुटीबाट ५०० सय करोड रूपैया मात्र बिल भर्पाइ बिना औषधी उपचारको नाउँमा खर्च गरेका छन । सबैभन्दा बढी पूर्वराष्ट्रपति रामवरण १ करोड ५० लाख र पूर्वपिएम ओली १ करोड ३६ र खनाल ५५ लाख ।



**- मुमाराम खनाल**

सरकारी जग्गा, बाग्मती किनार र बाटो अतिक्रमण गरेर क्रमशः व्यवसायीक भवन, नीजि घर र पसलको सटर बनाउने अतिक्रमणकारीहरूको पनि अतिक्रमणकारी चाहिँ राजननीतिक परिपाटी हो । राजनैतिक अतिक्रमणको बिस्तारित रूप नै सरकारी जमिनमाथिको अतिक्रमण हो ।



**- खगेन्द्र संग्रौला**

ओलीले गठबन्धन भत्काउन नसके एमालेको भविष्य खतरामा र पुष्पकमल र माधवले गठबन्धन जोगाइराख्न नसके माओवादी केन्द्र र एकीकृत समाजवादीको भविष्य खतरामा जान्छ । यी दुईथरी भिखारीको भाग्य लेखिदिने छैटीको भावी चाइने बूढो कांग्रेस ।



**- डा. सुन्दरी पोखरेल**

दाउरा बाल्न निषेध गर, विद्युत वितरण क्षमता बढाउ, अति सस्तोमा विद्युत देउ, विद्युतीय उपकरणमा भन्सार छुट देउ, त्यसपछि दाउरा कसले बाल्छ ? सरकारले सबैभन्दा ठूलो प्राथमिकता साथ तत्काल ल्याउनुपर्ने कार्यक्रम हो– 'भान्साबाट ग्याँस हटाउँ, विद्युतमा खाना पकाउँ !'

# संस्कृतिमा बाह्‍य प्रभाव

*टिप्पणी*



● डा. युवराज संग्रौला

समयका बारेमा पुर्व र पश्चिममा फरक-फरक धारणा छन् । पुर्वमा समयलाई चक्रका रूपमा हेरिन्छ । यो कहिले पनि सकिँदैन, दोहोरिन्छ निरन्तर । तर समय दोहिरिन्छ भन्दा, घटना पनि दोहोरिन्छन् भन्ने होइन । यस अर्थमा, मेरो 'हिजो' 'आज'का रूपमा पुनरावृत्ति भएको हो । यो नयाँ होइन, परिपक्वता मात्र हो । यदि मैले हिजोलाई बिदा गरेँ भनेँ मेरो अस्तित्वलाई मैले कमजोर बनाएको हो । मेरो आजको सफलता हिजोको निरन्तरता मात्र हो । भगवत गीतामा कर्मको कुरा छ । कर्म भनेको 'कारण' हो । म जे कारणलाई सक्रिय पार्छु, परिणाम त्यहि आउने हो । बुद्धले यसलाई अझ परिस्कृत गरेर कारणको सिद्धान्त निर्माण गरे । उनले कारणले परिणाम जन्माए पछि, त्यो परिणाम कारणमा रूपान्तरण भै अर्को परिणाम सिर्जना गर्छ, र यसरी परिवर्तन निरन्तर हुँदै त्यसबाट विकास (इभोलुसन) निःसर्त हुन्छ भनी बताए । यसर्थ समय आपसमा अभिन्न रूपले जोडिएको हुन्छ । समयको यस मान्यताअनुसार हामी हिजो सकिएको र आज स्थापित भएको दिनको होइन आज सकिएर भोलि पुनारावृती हुने दिनको शुभकामना वा रचनात्मकताको कामना गर्छौं । जन्मदिनको अर्थ यो हो हाम्रो संस्कृतिमा । संस्कृति परिवर्तन हुन्छ । केक काटे हुन्छ । तर, केक किन काटेको हाम्रो संस्कृति नराम्रो वा दर्शनहिन वा आधारहिन भएर ? यदि त्यसो भएर हो भने ठिक छ । तर, पश्चिमी संस्कृति राम्रो भएको ठानेर हो भने त्यसले नेपाली संस्कृति समाप्त पार्छ ।

पश्चिमी दर्शनले समयलाई सिधारेखा मान्छ । यो शुरू भएपछि आजसम्म निरन्तर आइरहेको छ र पहिलाको समाप्त भै नयाँ शुरू हुन्छ । त्यसैले केक काटेको हिजो सकिएको समयलाई बिदा गरेको हो । यसले मेरो बिगतसँग मलाई फरक गर्छ । उनीहरूको मान्यतालाई हामीले इन्कार गरेको छैन । तर, पश्चिमले पुर्वको मान्यता गलत छ भन्छ । हामी समयलाई बेवास्ता गर्छौं भन्ने आलोचना पनि छ । तर, त्यो हाम्रो दर्शनका कारणले होइन, उपनिवेशको देन हो । उपनिवेशमा रैथाने जनतालाई पहिला आइपुग्ने अधिकार थिएन । पहिला गोरा मानिसहरू प्रवेश गर्थे र रैथाने अन्तमा प्रवेश गरि पछाडि बस्थे । उपनिवेशले निर्माण गरेका थुप्रै भेदभावलाई हामीले संस्कृति ठान्यौं । गालामा केक कुकुरलाई चटाउन हो भनी लेखेको पाएँ । हाम्रो त यस्तो परम्परा छैन ।

> हाम्रा नेताहरू ६० किलोको माला, विशाल केक, ठूलठूला दलबल किन चाहानु हुन्छ ? उहाँहरु त जनताका लागि उदाहरण हुने हो नि ! केकमा नेपालको नक्सा काट्नु हुने कि नहुने बहस चल्यो । एकथरी संसारभरीका उदाहरण राख्दै छन् । अर्का थरी मुटु चिरिएको कथा लेख्दै छन् । यी दुबै आग्रही र पुर्वाग्रहि छन् ।

हाम्रोमा जन्मदिन भोलिका लागि सुखद कामनाका लागि हो । आमाबुबाले टीका लगाएर आशिर्वाद दिएपछि लड्डु खाने हो । सेलरोटि गोलो हुन्छ, त्यसैले जन्मदिनमा सेल रोटि खाने हो । जन्मदिनमा आमाको हातको, आमा नभए भाउजुको दिदिको हातको, श्रीमती/श्रीमानको हातबाट खाने हो । यो आसिर्वाद हो । बहिनी भाइ छोराछोरीको चैं स्नेह हो ।

हाम्रा नेताहरू ६० किलोको माला, विशाल केक, ठूलठूला दलबल किन चाहानु हुन्छ ? उहाँहरू त जनताका लागि उदाहरण हुने हो नि ! केकमा नेपालको नक्सा काट्नु हुने कि नहुने बहस चल्यो । एकथरी संसारभरीका उदाहरण राख्दै छन् । अर्का थरी मुटु चिरिएको कथा लेख्दै छन् । यी दुबै आग्रही र पुर्वाग्रहि छन् । यथार्थ के हो ? हामी चीन र भारतका बिचमा अस्तित्वको जोखिम महसुस गर्छौं । त्यसैले केकलाई नेपाल बनाएर काट्दा अस्वाभाविक लागेको हो । यो आलोचना भन्दा सम्झाउने कुरा हो । गर्नेले पनि यस्ता कुरामा ध्यान दिनुपर्छ । तत्कालिन समय प्रधानमन्त्रीलाई धेरै पटक नाजायज विवादमा ल्याउने काम भयो । प्रधानमन्त्रीलाई विवादमा ल्याउँदा देश विभाजीत हुन्छ । प्रधानमन्त्रीका नीति र विचारको बिरोध गर्न पाइन्छ । जन्म दिन प्रधानमन्त्रीको होइन केपी ओलीको थियो । समाचार लेख्नेले प्रधानमन्त्रीको जन्मदिन लेखेपछि अल्पग्यान कति रहेछ भन्ने पनि बुझ्नुपर्छ अब ।

राष्ट्र मरोस् बरू मेरो स्वार्थ पुरा हुनुपर्छ भन्ने अराजक मानसिकता त पशुपतिका फुल लुट्ने र पर्खाल चढ्नेले देखाएका छन् । हामीमा सिभिक सेन्स छैन । जो सुकैले सत्ता चलाए पनि उस्तै हो । त्यसैले एउटा समृद्ध विचारको निर्माण र त्यसकै आधारमा देशलाई अगाडि लाने सपना निर्माण गर्ने कुरा अबको बाटो हो जस्तो लाग्छ । बिरोधले भत्काउँछ बनाउदैन । निर्माणले नयाँ बनाउँछ र पुरानालाई भत्किन बाध्य गर्छ ।

# विपद प्रभावितलाई राहत दिन गृहमन्त्रीको निर्देशन

**काठमाडौं/मस–** पश्चिमी न्यून चापीय प्रणालीका कारण देशभरको मौसम परिवर्तन भएको छ भने देशका अधिकांश स्थानमा हिमपात र हावाहुरीका कारण जनजीवन प्रभावित भएको छ ।

यसैबीच गृहमन्त्री बालकृष्ण खाँणले तराईमा हावाहुरीका कारण मृत्यु भएका तीन जना तथा पहाडी र हिमाली जिल्लामा हिमपातका कारण अप्ठ्यारोमा परेका नागरिकहरूलाई तत्काल व्यवस्थापन र राहत उपलब्ध गराउन सम्बन्धित निकायलाई निर्देशन दिएका छन् ।



गृहमन्त्री खाँणले मन्त्रालयका विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाका प्रमुख सहसचिव प्रदीपकुमार कोइराला तथा तराईका दुई जिल्ला र हिमाली जिल्लाका आठ प्रमुख जिल्ला अधिकारी र एक सहायक प्रमुख जिल्ला अधिकारीलाई सम्पर्क गरी तत्काल राहत उपलब्ध गराउन निर्देशन दिएका हुन् ।

शुक्रबार दिउँसो धनुषाको सबैला नगरपालिका १२ मा अवस्थित फकिरचन उच्च माध्यामिक विद्यालयको प्राङ्गणमा रुखको हाँगा भाचिँदा महेन्द्र सदाकी आठ वर्षकी छोरी प्रतिमाकुमारी र चन्द्रशेखर सदाका सात वर्षीय छोरा अरविन्दको मृत्यु भएको थियो । त्यस्तै शुक्रबारै रौतहटको बुधिमाई नगरपालिका १ मा कच्ची घर ढलेर भित्ताले च्यापिँदा ४५ वर्षीया फुलमतियादेवी रायको मृत्यु भएको थियो । गृहमन्त्री खाँणले धनुषा र रौतहटका प्रमुख जिल्ला अधिकारीलाई फोन गरेर पीडित परिवारलाई राहत दिन निर्देशन दिएका हुन् । उनले हिमपात, शीतलहर र हावाहुरीका घटनामा तत्काल उद्दार र राहतको व्यवस्था गर्न समेत निर्देशन दिएका छन् । वर्षा र हिमपातको असर हेरेर तत्काल व्यवस्थापन गर्न समेत उनले भनेका छन् ।

# दुर्घटनामा मृत्यु भएकाको सनाखत

**तेजबहादुर बन/मध्यान्ह**
सुनसरी, २२ माघ



सुनसरीको कोसी गाउँपालिका- १ लौकहीस्थित खुनियाधारमा शुक्रबारराति बस र ट्रक दुर्घटनामा मृत्यु भएका सबैजनाको सनाखत भएको छ ।

मृत्यु हुनेमा बसचालक झापा गोलधापका ४५ वर्षीय सरोज राई, बसको पछाडि सवार भारत पश्चिमबङ्गाल कालचिनी बस्ने २३ वर्षीय निहाल प्रधान र ट्रकचालक बारा निजगढ-९ का २७ वर्षीय शेख फिरोज रहेको सुनसरीका प्रहरी नायब उपरीक्षक नरेन्द्रकुमार कार्कीले जानकारी दिए ।

मृत्यु भएका सबैजनाको स्वास्थ्य परीक्षणपछि परिवारजनले शव बुझेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ । दुर्घटनामा घाइते भएका २७ जनामध्ये १० जनाको उपचार भइरहेको छ भने अन्य उपचारपछि घर फर्किएको प्रहरीले जनाएको छ । घाइते भएकामध्ये नौजनाको न्युरो अस्पताल विराटनगर र एकजनाको गोल्डेन अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

पूर्वपश्चिम लोकमार्गअन्तर्गत पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको ना ५ ख २९९६ नंको सिमेन्ट बोकेको ट्रक र पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको ना ८ ख ८४९३ नंको यात्रुवाहक बस एकापसमा ठोक्किँदा दुर्घटना भएको थियो । दुर्घटनापछि बस र ट्रकमा अचानक आगलागी भएको थियो । दुर्घटनापछि भएको आगलागीका कारणले तीन जनाको जलेर मृत्यु भएको छ भने सवारीसाधन पूर्ण रुपले जलेर नष्ट भएको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी र विभिन्न स्थानीय तहबाट गएको बारुणयन्त्रको सहयोगमा आगलागी नियन्त्रणमा लिएको थियो ।

# पत्रकारलाई धम्की दिनेलाई कारबाहीको माग

**काठमाडौं/मस–** नेपाल पत्रकार महासंघले झापास्थित बिएन्डसी अस्पतालका कार्यकारी निर्देशक दुर्गा प्रसाईंले पत्रकारलाई धम्की दिएको भन्दै आपत्ति जनाएको छ ।

अस्पतालका बारेमा एक सञ्चारमाध्यममा प्रकाशित समाचारको खण्डनका लागि निर्देशक प्रसाईंले पत्रकार सम्मेलन गरेर पत्रकारलाई सार्वजनिक रूपमा धम्की दिनु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता विरोधी काम भएको महासंघको भनाइ छ ।

महासंघ झापा शाखाका अनुसार कार्यकारी निर्देशक प्रसाईंले अस्पतालबारे एक सञ्चारमाध्यममा आएको समाचारको खण्डन गर्न २०७८ माघ १९ गते पत्रकार सम्मेलनको आयोजना गरी पत्रकारिताको बदनामसँगै पत्रकारलाई सार्वजनिक रूपमा ठाडो धम्की दिएका थिए । महासंघले विज्ञप्ति जारी गरी पत्रकारलाई पेसाप्रति हतोत्साहित र त्रसित बनाउने गरी धम्की दिनेलाई कानुनी कारबाही गरी सुरक्षाको प्रत्याभूति दिलाउन सम्बन्धित निकायसँग मागसमेत गरेको छ । '

























# कतारमा भव्यरूपमा मनाइयो सोनाम ल्होछार

तिलु शर्मा पौडेल/मध्यान्ह
कतार, २२ माघ



तामाङ जातिको नयाँ वर्ष तथा नेपालीहरूको राष्ट्रिय चाड मञ्जुश्री सम्वत २८५८ सोनम ल्होछार ताक (च्यान) ल्हो बाघ वर्गको उपलक्ष्यमा कतारमा पनि शुभकामना आदान-प्रदान तथा साँस्कृतिक कार्यक्रम-२०७८ सम्पन्न भएको छ ।

नेपाल प्रवासी तामाङ समाज कतारको आयोजनामा भएको उक्त कार्यक्रममा समाजका अध्यक्ष सुवास तामाङको सभापतित्व तथा नेपाल आदिवासी जनजाति महासंघ कतारका अध्यक्ष पुरुषोत्तम सुनुवारको प्रमुख आतिथ्यतामा भएको हो ।

कार्यक्रममा कतारमा स्थापित विभिन्न संघ संस्थाका प्रतिनिधिहरू, लामा गुरु, कलाकार, बुद्धिजीवी, पत्रकारलगायत तामाङ तथा गैर तामाङ नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूको बाक्लो उपस्थिति रहेको थियो ।

दीप प्रज्वलन गरी औपचारिकरूपमा सञ्चालन भएको कार्यक्रममा संस्थाका महासचिव आशिष मोक्तान तामाङले सहजीकरण गरेका थिए भने स्वागत मन्तव्य प्रथम उपाध्यक्ष सञ्जय डिम्डुङले राखेका थिए।

ल्होछारको विशेषता र महत्वका बारेमा समाजका पूर्व उपाध्यक्ष तेज मोक्तान तामाङले प्रष्ट पारेका थिए। कार्यक्रमका विशेष अतिथि तथा एनआरएनए एनसीसी कतारका अध्यक्ष मोहम्मद मुक्तदा मुसलमानले नेपालीहरूको राष्ट्रिय चाड २८५८ औं सोनाम ल्होछार प्रवासमा रहेर पनि नेपालको मौलिक संस्कृति, भेष भूषा धर्म संस्कार संस्कृतिको जगेर्ना गर्दै संरक्षण संवर्द्धन तथा प्रवर्द्धनमा नेपाल प्रवासी तामाङ समाज कतारद्वारा गरिएको कार्य अतुलनीय रहेको बताए । मुसलमानले कतारमा कुनै पनि नेपालीहरू समस्यामा पर्नु भएको छ भने संघलाई जानकारी गराइदिन हुन अनुरोध गरेका थिए ।

तमु गुरुङ सेवा समाज कतार र नेपाल प्रवासी तामाङ समाज कतारको विगत देखि एक आपसमा भएको आत्मीयता भाइचारा सम्बन्धलाई निरन्तरता दिँदै सम्मान तथा कोसेली आदान प्रदान गरिएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि सुनुवारले प्रवासमा भए पनि आफ्नो मौलिक पहिचान जाती धर्म संस्कार सँस्कृतिको संरक्षण सवर्द्धन प्रवर्द्धनमा समाजले उल्लेखनीय भूमिका खेलेको भन्दै प्रशंसा गरेका थिए। उनले तामाङ समाजले विगतका दिनदेखि संस्थालाई समाजसेवामुखी बनाउँदै गरिब विपन्न दुःख पीडामा परेका नेपालीलाई उद्धार गरी धन्यवादको पात्र बन्न सफल भएको समेत बताएका थिए ।

नेपालमा रहेका सबै जातजाति मध्येको ठूलो बाहुल्य र बौद्ध मार्गी तामाङ जाति भएको र आफ्नो अधिकार र पहिचानमासमेत अडिग रहेको बताए । कार्यक्रमको समापन गर्दै सभापति तामाङले संस्थाको निमन्त्रणालाई स्वीकार्दै उपस्थित भएका सम्पूर्ण व्यक्तित्वहरू र कार्यक्रमलाई सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने सम्पूर्णमा धन्यवाद व्यक्त गरेका थिए ।

साँस्कृतिक कार्यक्रम अन्तर्गत कुमार ओखेली, सृजना तामाङ, भबिन्द्र तामाङ, उर्मिला तामाङ, मोइराम तामाङ, सल्मा तामाङ, बुद्धि लोप्चन, सृचन तामाङलगायतका थुप्रै कलाकारहरूले नेपाली तथा तामाङ भाषाका गीतहरू तामाङ सेलो, म्हेन्दोमाया लगायतका गीतहरू प्रस्तुत गर्दा गाउँ घरमा ल्होसार मनाएको जस्तै झल्को दिलाएका थिए ।

साँस्कृतिक कार्यक्रमको सहजिकरण पाख्रिन तामाङले गरेका थिए। 'तामाङ जातिको परिवर्तन, शैक्षिक तथा आर्थिक सुदृढीकरण' भन्ने मूल नाराका साथ सन् २००५ मा स्थापना भएको नेपाल प्रवासी तामाङ समाज कतारले विगतका दिनहरूमा पनि भव्य उपस्थितिका बीच सोनाम ल्होछार शुभकामना तथा साँस्कृतिक कार्यक्रम गर्दै आइरहेको छ ।

# सात दिनभित्र स्पष्टीकरण पेश गर्न निर्देशन




**काठमाडौं/मस-** विद्युत् नियमन आयोगका निलम्बित अध्यक्ष दिल्लीबहादुर सिंहलाई सात दिनभित्र स्पष्टिकरण पेश गर्ने समय सीमा दिइएको छ । विद्युत् नियमन आयोगका पदाधिकारीको कार्यकक्षमता सम्बन्धमा गठित छानबिन समितिले अध्यक्ष सिंहलाई सो समयभित्र स्पष्टीकरण पेश गर्न निर्देशन दिएको छ ।

तोकिएको समयभित्र स्पष्टीकरण नदिएको खण्डमा कानुन बमोजिम कारबाही हुने शनिबार प्रकाशित सूचनामा उल्लेख छ। आयोगका पदाधिकारीको कार्यकक्षताको अभाव देखिएको भन्दै सरकारले छानबिन समिति गठन गरेको छ । समितिले भौतिक रुपमा पटकपटक प्रत्यक्ष रुपमा भेट गरी स्पष्टीकरण पेश गर्न आग्रह गरे पनि सिंहले अटेर गरेका कारण सार्वजनिक सूचना प्रकाशित गरिएको हो ।

कार्यदक्षताको अभावका कारण पदीय कर्तव्य पालना गर्न सके नसेकका विषयमा छानबिन समितिले मुलुकी देवानी संहिता कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १०५ को उपदफा २१ बमोजिम विद्युतीय माध्यम इमेलमार्फत स्पष्टीकरण दिन भनिएको छ । समितिले शुक्रबार इमेलमार्फत स्पष्टीकरणको सूचना इमेल गरेको र सार्वजनिक रुपमा शनिबार सूचना प्रकाशित गरी जानकारी गराएको हो । समितिले सिंहलाई म्यादभित्रै स्पष्टीकरण पेश गर्न र अन्यथा कानुन बमोजिम कारबाही हुने बताएको छ ।

मन्त्रिपरिषद्ले पुनरावेदन अदालतका पूर्वमुख्य न्यायाधीश प्रकाशचन्द्र गजुरेलको अध्यक्षतामा तीन सदस्यीय छानबिन समिति गठन गरेको छ। आयोगका अध्यक्ष सिंह, सदस्यद्वय रामेश्वर कलवार र भागीरथी ज्ञवालीको कार्यक्षमतामा प्रश्न उठेपछि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले छानबिन समिति गठन गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा लगेकी थिइन् ।

छानबिन समिति गठन भएपछि उनीहरु स्वतः निलम्बनमा परेका थिए । छानबिन समिति गठन हुनु अगावै आयोगका अर्का सदस्य डा.रामप्रसाद धितालले भने राजीनामा दिएका थिए ।

आयोगको ऐनमा अध्यक्ष वा कुनै सदस्यको कार्य क्षमताको अभाव वा खराब आचरण भएको पाइएको खण्डमा सरकारले छानबिन समिति गठन गर्न सक्ने प्रावधान छ। सोही प्रावधानका आधारमा छानबिन समिति गठन गरिएको हो ।

हार्दिक बधाई
तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
सुजित कुमार श्रेष्ठ
महासचिव
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
एवं
ahr एलायन्स ह्युमन रिसोर्स प्रा. लि.
परिवार
गौशाला ९, काठमाडौं, नेपाल, फोन: ०१-४४८७८५०, ४४९१७२१

हार्दिक
बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
बाबुराम खड्का
(संचालक)
तथा
सुप्रिम ओभरसिज प्रा. लि.
परिवार
कोटेश्वर-३५, काठमाडौं । फोनः ०१ - ४६००७१

हार्दिक बधाई
तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
हरि ढुँगी
अध्यक्ष
सुनिल अर्याल
प्रबन्ध निर्देशक
तथा
ब्लु ओसियन रिक्रुटमेन्ट प्रा. लि.
परिवार
नयाँ बानेश्वर, काठमाडौं, नेपाल, फोन: ०१-४४७६२१५, ४४९१७७२

कोरोना भाइरस सम्बन्धी नगरपालिका बासीहरूमा सचेतना
भ्याक्सिन लगाउनुहोस्
हाच्छ्युँ गर्दा कुहिनोले नाक-मुख ढाक्नुहोस्
मास्क लगाउन नछुटाउनुहोस्
सामाजिक दुरी कायम राख्नुहोस्
बेला बेलामा हात धोइरहनुहोस्
साथै
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन

कोरोना भाइरस सम्बन्धी गाउँपालिका बासीहरूमा सचेतना
भ्याक्सिन लगाउनुहोस्
सुरक्षित सामाजिक दुरी कायम राख्नुहोस्
मास्क लगाउन नछुटाउनुहोस्
हाच्छ्युँ गर्दा कुहिनोले नाक-मुख ढाक्नुहोस्
बेला बेलामा हात धोइरहनुहोस्
साथै
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
बरियारपट्टी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मधेश, प्रदेश, बरियारपट्टी, सिरहा

कोरोना भाइरस सम्बन्धी नगरपालिका बासीहरूमा सचेतना
निम्न समावेश हुन सक्ने 'ओमिक्रोन'का लक्षणहरु बारे जान्नुहोस्:
श्वास-प्रश्वासमा कमी वा श्वास फेर्नमा कठिनाई हुने
ज्वरो वा चिसो लाग्ने
मांशपेशी वा जिउ दुख्ने
स्वाद वा गन्धमा ह्रास
यो सूची सबै सम्भावित लक्षणहरूको सूची होइन । कृपया अन्य कुनै पनि लक्षणहरु गम्भीर भएमा वा तपाईसँग सम्बन्धित भएमा आफ्नो नजिकमा रहेको चिकित्सकीय प्रदायकलाई सम्पर्क गर्नुहोस् ।
साथै
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
लेटाङ्ग नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ्ग, मोरङ

कोरोना भाइरस सम्बन्धी नगरपालिका बासीहरूमा सचेतना
कोरोना भाइरसबाट कसरी आफु र अरुलाई बचाउने ?
ज्वरो र खोकी लागेको व्यक्तिबाट टाढा रहने वा आफूलाई ज्वरो र खोकी लागेको छ भने पनि अरू व्यक्तिबाट टाढा रहने । घरबाहिर जाँदा अनिवार्य रूपमा मास्क लगाउने ।
खोक्दा वा हाछ्युँ गर्दा नाक मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने र प्रयोग गरेको टिस्यू पेपरलाई बिर्को भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन-पानीले मिचिमिचि हात धुने वा स्यानिटाईजर प्रयोग गर्ने ।
बेलाबेलामा साबुन-पानीले कम्तिमा २० सेकेन्ड मिचिमिचि हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने ।
माथिका लक्षणहरू देखिए स्वास्थ्य केन्द्रमा तुरुन्त जानुपर्दछ । घरैमा बस्दा परिवारका सदस्यहरूबाट १४ दिन सम्म छुट्टै आईसोलेसनमा बस्नु पर्दछ ।
साथै
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चितवन

हार्दिक बधाई
तथा शुभकामना
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जनका साथै विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
सगरमाथा अञ्चल यातायात व्यवस्था कार्यालय
लहान, सिरहा

कोरोना भाइरस सम्बन्धी नगरपालिका बासीहरूमा सचेतना
भ्याक्सिन लगाउनुहोस्
सुरक्षित सामाजिक दुरी कायम राख्नुहोस्
मास्क लगाउन नछुटाउनुहोस्
हाच्छ्युँ गर्दा कुहिनोले नाक-मुख ढाक्नुहोस्
बेला बेलामा हात धोइरहनुहोस्
साथै
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
मादी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मादी, संखुवासभा

# भूमि आयोग र स्थानीय तहबीच सहमतिपत्रमा हस्ताक्षर



**प्रकाश अधिकारी / मस–**
तनहुँ, २२ माघ

भूमि आयोग तनहुँले जिल्लाका सबै पालिकासँग सम्झौता गरेको छ । हालै मात्र गठन भएको आयोगले भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि जिल्लाका नौ स्थानीय तहसँग सम्झौता गरेको हो । शुक्लागण्डकी नगरपालिकासँग यस अगाडी नै सम्झौता भइसकेको छ ।

भूमि आयोगका अध्यक्ष रामचन्द्र अधिकारीका अनुसार व्यास नगरपालिका, भिमाद नगरपालिका, भानु नगरपालिका, देवघाट गाउँपालिका, आँबुखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिका, म्याग्दे गाउँपालिका, ऋषिङ गाउँपालिका र घिरिङ गाउँपालिकासँग सम्झौता गरिएको छ ।

यस अघिका आयोगले गरेका कामलाई वर्तमान आयोगले निरन्तरता दिने अधिकारीले बताए । जिल्लाका सबै पालिकाले यस अगाडि नै भूमिहिन सुकुम्बासी, भूमिहिन दलित र अव्यवस्थित बसोबासीको तथ्यांक संकलन गरिसकेको छ । पैतीस दिने सूचना प्रकाशित गरी भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको तथ्याङ्क सङ्कलनको तयारी गरिएको अधिकारीले बताए ।

यसअगाडिको आयोगले जिल्लाका १० स्थानीय तहमा करिब २६ हजार भूमिहिन सुकुम्बासी, भूमिहिन दलित र अव्यवस्थित बसोबासीको तथ्यांक संकलन गरेको थियो ।

# मारवाडी सेवा समितिलाई पर्यटनमन्त्रीको पाँच महिनाको तलब



**काठमाडौं / मस–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले मारवाडी सेवा समितिलाई आफ्नो पाँच महिनाको तलब दिने घोषणा गरेका छन् ।

समितिको ६९औं स्थापना दिवसका अवसरमा पशुपति धर्मसालामा आयोजना गरेको निःशूल्क कृतिम खुट्टा वितरण कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री आलेले सो घोषणा गरेका हुन् ।

समितिले नेपाली दुःखी, गरिब नागरिकको सेवामा सहयोग गर्दै आएको र उक्त सेवामा थप विस्तार तथा सहयोग पुगोस् भन्नका लागि आफूले मन्त्रीका हैसियतले पाउने पाँच महिनाको तलब दिने बताए । 'सेवा समितिले गर्दै आएको काम र सहयोग मलाई अति नै मनपरेको छ, उक्त सेवामा थप सहयोग पुगोस् भन्ने हेतुले म आफ्नो पाँच महिनाको तलब दिनेछु, सोमबारसम्म उक्त रकमको चेक हस्तान्तरण गर्नेछु' उनले भने ।

मारवाडी सेवा समितिले थप राम्रा काम गरोस् तथा दुःखी गरिबका लागि चाहिने आवश्यक सहयोग गर्न आफू पनि तयार रहेको उनको भनाइ थियो । मन्त्री आलेले राजनीति पेसा नभएर सेवा भएकाले आफू पनि जनताको सेवा गर्नका लागि राजनीतिमा प्रवेस गरेको बताए । उनले भने, 'जनताको सेवा गर्न म राजनीतिमा आएको हुँ, नेपालीको जनभावनाअनुसार काम गरीरहेको छु ।' मन्त्रालयअन्तर्गत भएका बिकृति, बिसंगतिबारे आफूलाई जानकारी गराउन आग्रह गर्दै मन्त्री आलेले भने, 'सरकार कहाँ चुकेको छ, कहाँ कमजोरी भएको छ, खबर गर्नुहोस्, म तत्काल सुधार गर्ने छु, यो मेरो बाँचा भयो ।' कार्यक्रममा विभिन्न दुर्घटनामा परी खुट्टा गुमाएका नागरिकलाई निःशुल्क रूपमा कृतिम खुट्टा वितरण गरिएको पशुपति धर्मसाला गौलाका अध्यक्ष चर्तुभुज सरियाले जानकारी दिए ।

समितिले भुकम्पका बेलामा नागरिकलाई निःशुल्क खाना वितरणदेखि हालसम्म पाँच हजार ठाउँमा निःशुल्क रक्तदान कार्यक्रमको आयोजना गरी कम्तीमा पनि ५० हजार पीन्ट रगत संकलन गरी रक्त सञ्चार केन्द्रलाई हस्तान्तरण गरिएको जानकारी गराएको थियो । सो समितिले खुट्टा गुमाएका नागरिकलाई निःशुल्क कृतिम खुट्टा प्रदान गर्दै आएको छ ।

# हिमपातले खोप अभियान प्रभावित

**नविन अंकुर / मध्यान्ह**
मनाङ, २२ माघ



हिमाली जिल्ला मनाङमा भारी मात्रामा हिमपात भएको छ । हिमपातका कारण मनाङमा शुरु भएको खोप अभियान प्रभावित भएको स्वास्थ्य कार्यालय मनाङका प्रमुख बद्री आचार्यले जानकारी दिए ।

माथिल्लो मनाङ र नार्पाभूमि गाउँपालिकामा खोप अभियान चलिरहेकै अवस्थामा हिमपातले प्रभाव पारेको हो । घरबाट बाहिर निस्कन सक्ने अवस्था नभएपछि खोप अभियान स्थगित गरिएको उनले बताए । उनले भने, 'मौसम अनुकूल भएपछि खोप अभियान सुचारु गर्नेछौं ।'

पहाडी क्षेत्रमा वर्षा भएसँगै हिमाली जिल्लामा हिमपात भइरहेको छ । हिमपातका कारण घरबाट बाहिर निस्कने अवस्था नहुँदा यस जिल्लाको जनजीवन पनि कष्टकर भएको छ । यहाँ पछिल्लो पटक भएको हिमपात भारी मात्रामा रहेकाले अन्य कार्यक्रमहरु पनि प्रभावित रहेको र खोप कार्यक्रम सञ्चालन गर्न नसकिएको आचार्यले बताए ।

प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले भारी मात्रामा हिमपात भएकाले जिल्लावासी तथा पर्यटकलाई घरबाट बाहिर ननिसक्न आग्रह गरिएको बताए ।

उनका अनुसार कोभिड-१९ को तेस्रो भेरियन्ट ओमिक्रोन संक्रमणको जोखिमका कारण जिल्लामा पर्यटक न्यून भए पनि सचेत रहन आग्रह गरिएको छ ।

हिमपातका कारण अन्नपूर्ण पदमार्गमार्फत मनाङ भित्रिने पर्यटकलाई सचेत हुन आग्रह गरिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका प्रमुख लेखनाथ गौतमले बताए ।

पर्यटकहरुलाई जहाँ पुगेका छन् त्यहीँ सुरक्षित तवरबाट बस्न अनुरोध गरिएको उनले बताए । उनका अनुसार पर्यटकहरु हिउँमा बाहिर निस्किँदा चिसोका कारण बिरामी पर्नसक्ने भएकाले सचेत रहन आग्रह गरिएको हो । उता हिमपातका कारण यहाँका किसान भने खुसी भएका छन् ।

हार्दिक
यात्रा २० औं वर्षको
१९ औं वार्षिकोत्सव
मध्यान्ह
बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
मधुकर रिजाल
प्रवन्ध निर्देशक, तथा
इम्प्लोयमेन्ट लिंक नेपाल प्रा.लि.
परिवार
नारायण गोपाल टावर, महाराजगंज-३, काठमाडौं, फोन नं. ०१-४३७२६९८

कोरोना भाइरस सम्बन्धी नगरपालिका बासीहरुमा सचेतना
भ्याक्सिन लगाउनुहोस्
सुरक्षित सामाजिक दुरी कायम राख्नुहोस्
मास्क लगाउन नछुटाउनुहोस्
हाच्छ्युँ गर्दा कुहिनोले नाक-मुख ढाक्नुहोस्
बेला बेलामा हात धोइरहनुहोस्
साथै
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, संखुवासभा

कोरोना भाइरस सम्बन्धी गाउँपालिका बासीहरुमा सचेतना
निम्न समावेश हुन सक्ने 'ओमिक्रोन'का लक्षणहरु बारे जान्नुहोस्:
श्वास-प्रश्वासमा कमी वा श्वास फेर्नमा कठिनाई हुने
ज्वरो वा चिसो लाग्ने
मांशपेशी वा जिउ दुख्ने
स्वाद वा गन्धमा ह्रास
यो सूची सबै सम्भावित लक्षणहरुको सूची होइन । कृपया अन्य कुनै पनि लक्षणहरु गम्भीर भएमा वा तपाईसँग सम्बन्धित भएमा आफ्नो नजिकमा रहेको चिकित्सकीय प्रदायकलाई सम्पर्क गर्नुहोस् ।
साथै
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
केराबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
केराबारी, मोरङ

मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी २०औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
गाउँवासीहरुमा उनुरोध :-
– हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गराऔं ।
– वैदेशिक रोजगारीमा जाँदा आवश्यक सूचना प्राप्त गरेर मात्र जाऔं ।
– साबुन पानीले हात धुने बानी बसालौं र अरुलाई पनि सिकाऔं ।
– कुपोषण न्यूनीकरण गर्न 'हरेक बार खाना चार' लाई प्रवर्द्धन गरौं ।
– सरसफाईमा ध्यान दिऊँ र फोहोरमैला जथाभावी नफालौं ।
– निर्माण सामग्री र चौपाया सार्वजनिक राजमार्गमा नराखौं/नछोडौं ।
– व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततीको भविष्य सुनिश्चित गरौं ।
– लैङ्गिक हिंसा विरुद्धको आवज बुलन्द पारौं र त्यसको अन्त्य गरौ ।
– गाउँपालिकाबाट ईजाजत लिएर घर नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
– उपभोक्ता आचारसंहिता पालना गरौं ।
अर्जुन गुरुङ – अध्यक्ष
होम बहादुर वि. क – उपाध्यक्ष
प्रेमचन्द्र अर्याल – प्रमुख प्रशासकीय अधिकृत
मर्स्याङ्दी गाउँपालिका
भुलभुले, लमजुङ

कोरोना भाइरस सम्बन्धी गाउँपालिका बासीहरुमा सचेतना
निम्न समावेश हुन सक्ने 'ओमिक्रोन'का लक्षणहरु बारे जान्नुहोस्:
श्वास-प्रश्वासमा कमी वा श्वास फेर्नमा कठिनाई हुने
ज्वरो वा चिसो लाग्ने
मांशपेशी वा जिउ दुख्ने
स्वाद वा गन्धमा ह्रास
यो सूची सबै सम्भावित लक्षणहरुको सूची होइन । कृपया अन्य कुनै पनि लक्षणहरु गम्भीर भएमा वा तपाईसँग सम्बन्धित भएमा आफ्नो नजिकमा रहेको चिकित्सकीय प्रदायकलाई सम्पर्क गर्नुहोस् ।
साथै
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
लक्ष्मीपुर पतारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महेशपुर पतारी, सिरहा

हार्दिक
बधाई तथा शुभकामना
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जनका साथै विशेष गरी
वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा
प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पूरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा हार्दिक बधाई
तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
हलेसी ओभरसिज प्रा. लि.
परिवार
गौशाला, काठमाडौं, फोन: ४४८९९७५

हार्दिक
बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
ऋषिराम कँडेल (अध्यक्ष)
दुर्गा बहादुर क्षेत्री (प्रबन्ध निर्देशक)
तथा
आर. बि. ओभरसिज प्रा. लि.
परिवार
गोंगबु, काठमाडौं । फोन: ४३९०२१५, ४३९००४३

हार्दिक
बधाई तथा शुभकामना
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जनका साथै विशेष गरी
वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा
प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा हार्दिक बधाई
तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
कर्ण कटवाल
प्रवन्ध निर्देशक
तथा
डाईनामिक स्टाफिङ्ग शोलुशन नेपाल प्रा. लि.
परिवार
टाउन प्लानीङ, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३५७८२८, ४३५९५१८

# मह उत्पादनमा कमी

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, २२ माघ



लमजुङमा घर पालुवा मौरीको मह उत्पादनमा कमी आएको पाइएको छ। गत वर्षको तुलनामा यस वर्ष मह उत्पादनमा कमी आएको हो।

प्रतिकूल मौसम, शीतलहरका साथै विभिन्न रोगका कारण मह उत्पादनमा कमी आएको बताइएको छ। गत वर्षको तुलनामा यो वर्ष आठ टन मह उत्पादनमा कमी आएको कृषि ज्ञान केन्द्र लमजुङले जनाएको छ। कार्यालयका सूचना अधिकारी मदन रेग्मीका अनुसार यस वर्ष ११ हजार ५०० मौरी घारबाट ३० टन मह उत्पादन भएको छ। गत वर्ष जिल्लाका किसानले ११ हजार एक सय मौरीका घारबाट ३८ टन मह उत्पादन गरेको थियो। त्यस्तै विसं २०७६ मा नौ हजार ५०० मौरी घारबाट ३४ टन मह उत्पादन भएको थियो भने विसं २०७५ मा पाँच हजार ९०० मौरी घारबाट ३२ टन मह उत्पादन भएको कार्यालयले जनाएको छ। यस वर्ष जिल्लामा प्रतिकिलोग्राम महको मूल्य रु ८५० देखि ९०० सम्म रहेपनि किसानले रु एक हजारसम्ममा बिक्री गरेका छन्। महको बिक्रीबाट यस वर्ष रु एक करोड ३६ लाख आम्दानी गरेको सूचना अधिकारी रेग्मीले जानकारी दिए। जिल्लामा उत्पादन गरिएको मह काठमाडौँ, पोखरा, चितवनलगायत र जिल्लाभित्रकै सहरबजारमा समेत राम्रो खपत हुँदै आएको छ। बेसिशहर नगरपालिका-४ पुरानोकोटका मौरीपालक किसान बेनबहादुर गुरुङले गत वर्ष ९६ क्विन्टल मह उत्पादन गर्नुभएको थियो। तर यस वर्ष असोज महिनामा बढी वर्षा भएका कारण जम्मा पौने ६ क्विन्टल मह उत्पादन भएको कृषक गुरुङको भनाइ छ। उनले भने, 'मैले गत जेठमा २१५ वटा मौरीसहितको घार बिक्री गरे। यतिका मह १४१ वटा मौरीको घारबाट उत्पादन गरेका हुँ।' यस वर्ष वर्षाले मेरो मात्र होइन, तुलानात्मक रुपमा अधिकांश कृषकको मह उत्पादन घटेको उनको भनाइ छ।

नेपाल मौरीपालक महासंघ जिल्ला शाखा लमजुङका उपाध्यक्ष तथा सुन्दरबजार नगरपालिका-११ का दुव्र दुराले पनि सोचेकोभन्दा कम मह उत्पादन गरेका छन्।

'गत वर्ष ४५ वटा मौरीका घारबाट डेढ क्विन्टल मह उत्पादन गरेका थिए, यस वर्ष त झन मौरी घार थपेर ९० वटाबाट गत वर्षभन्दा दोब्बर उत्पादन होला भनेको थिए तर डेढ क्विन्टल मात्र उत्पादन भयो' उनले भने।

जिल्लाका कृषकहरुले आधुनिक मौरी घार र आधुनिक प्रविधिको प्रयोगले मह उत्पादन गर्न थालेका छन्।

नेपाल मौरीपालक महासंघ जिल्ला शाखा लमजुङका अनुसार जिल्लाको सबैभन्दा बढी उत्पादन हुने सुन्दरबजार र बेसिशहर नगरपालिका तथा मर्स्याङ्दी गाउँपालिका रहेका छन्। शाखामा दर्ता भएका ३८२ जनाभन्दा बढी मौरीपालक किसान छन्। मौरीपालक किसानलाई मौरी व्यवसायमा आकर्षित गर्दै मह उत्पादनमा वृद्धि गर्नका लागि यस वर्ष कृषि ज्ञान केन्द्र, बेसिशहर र सुन्दरबजार नगरपालिकालगायत विभिन्न स्थानीय तहहरुले ५० प्रतिशत अनुदानमा आधुनिक मौरी घार, मौरीसहितको मौरी घारलगायत विभिन्न उपकरणहरु वितरण गरेको थियो। जिल्लाको मध्यनेपाल नगरपालिका, दूधपोखरी गाउँपालिका-४, ५ र ६, सुन्दरबजार नगरपालिका-५ र बैँसीसहर नगरपालिका-२ लाई मौरी पकेट क्षेत्रका रुपमा रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ।

जिल्लामा पचास प्रतिशत अनुदानमा गोलासहितका ५०० र खाली घार एक हजार २०० वटा किसानलाई वितरण गर्नुका साथै मौरीजन्य उपकरणसमेत वितरण गरिएको केन्द्रले जनाएको छ।

# घरेलु हिंसा बढ्दो

**बाग्मती/मस-** मकवानपुरमा पछिल्लो समय घरेलु हिंसाका घटना बढ्दै गएको पाइएको छ।

जिल्ला प्रहरी कार्यालय हेटौँडाका अनुसार चालु आर्थिक वर्षको पहिलो छ महिनामा २२२ घरेलु हिंसासम्बन्धी उजुरी परेको छ।

गत आर्थिक वर्षमा घरेलु हिंसासम्बन्धी २७६ वटा उजुरी परेको थियो। चालु आर्थिक वर्षमा परेको उजुरीमध्ये सबैभन्दा बढी जबरजस्ती करणीका २३ वटा छन्। गत जबर्जस्ती करणीका ५८ उजुरी परेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक तथा महिला सेल प्रमुख चुडाकुमारी खड्काले जानकारी दिए। उनका अनुसार चालु आर्थिक वर्षमा मानव बेचबिखन सम्बन्धी एउटा उजुरी परेकोमा गत वर्ष एउटा पनि उजुरी परेको छैन्। त्यस्तै चालु आर्थिक वर्षको पहिलो छ महिनामा बहुविवाहसम्बन्धी चार र बाल यौनदुर्व्यहारको तीन उजुरी परेको उनले बताए। गत आवमा बोक्सीको आरोपमा एउटा उजुरी परेकोमा चालु आर्थिक वर्षको पहिलो छ महिना एउटा पनि उजुरी नपरेको प्रमुख खड्काले बताए।

**KUWAIT मा रोजगार** | कम्पनी : ALRAYA GROUP FOR GENERAL SERVICES.
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/१०/२१ | चलानी नं.: ६०१७३९८४ | L.T. No.: 257548

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 60 | 21 | सम्बन्धित काममा दक्ष | 85 | ३३,५६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Driver | 5 | 0 | | 170 | ६७,१२२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २९ गते (12 February 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Eve Nepal Overseas Pvt. Ltd. ENO
श्रम ईजाजत नं. १०१३/०६८/६९

**ईभ नेपाल ओभरसिज प्रा.लि.**
शान्तिनगर, काठमाडौं, फोन नं. ४१०७५२०, ४६२२४२६, फ्याक्स:: ४६२२४३६

## सिदिङ्वा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
साब्लाखु-ताप्लेजुङ

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०७८/१०/२३**

यस गाउँपालिको कार्यालयबाट क्रमशः मिति २०७८/०८/२७ गते प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रीत पूर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये मुल्याँकन समितिबाट न्यूनतम मुल्याँकित सारभूत रुपमा प्रभावग्राही देखिएको देहाय वमोजिमको बोलपत्रदातालाई स्वीकृतिका लागी छनौट गर्ने निर्णय भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा नियमावली २०६४ को नियम ५४ (क) वमोजिम सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का आई.डि. नं. | योजनाको नाम | छनौट गरिएका बोलपत्रदाता | स्वीकृत बोलपत्रको रकम (मु.अ. कर सहित ) |
|---|---|---|---|---|
| १ | SRMTPJ/ NCB/WORKS/ Roads/2078/079-04 | Kalikhola, Aangkhop, Sablakhu ra Surumkhim Bhitra ka Bibhinna Sadak | तेम्बे निर्माण सेवा, ताप्लेजुङ | ४५,५२,२२९/१३ (पैतालीस लाख बाउन्न हजार दुई सय उन्नतीस रुपैंया र पैसा तेह्र मात्र) |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

## Invitation of Electronic Bids
## Urlabari Municipality
## Office of Municipal Executive
**Urlabari, Morang**
**Province no. 1, Nepal**

**Date of Publication: 2078/10/23 (6th of February 2022)**

1. The Urlabari Municipality office, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S. No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-UMC-Administrative Bldng-W-NCB-09-078/79 | Construction of Administrative Building of Urlabari Multiple Campus, Urlabari -4 " | 34,25,038 .00/- | 85,630.00 /- | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S **Website: www.bolpatra,gov,np/egp.** And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit **website: www.bolpatra.gov.np/egp.**

**Acting ChiefAdministrative Officer**

## शीतलहर तथा चिसोबाट बच्न मनराशिसवा नगरपालिकाको अनुरोध

यस वर्षको चिसो समय हाल भईरहेको छ। यस नगरपालिकामा विगत देखिनै शीतलहर तथा चिसोका कारण मानवीय तथा धनजनको क्षती हुदै आईरहेको छ। त्यसैले यस नगरपालिका कार्यालयले मौसमको कारण हुने शीतलहर तथा चिसोबाट बच्नको लागि समयमै सचेत रहन सर्वसाधारण सबैलाई हार्दिक अनुरोध गर्दछौं। शीतलहरबाट हुन सक्ने क्षती हुन नदिन सबैले आ-आफ्नो तर्फबाट भुमिका निभाउन अनुरोध छ। शीतलहर तथा चिसोबाट बच्न निम्न उपायहरु अपनाउन हार्दिक अनुरोध गर्दछौं।

- जाडो समयमा सधै न्यानो कपडा लगाऔं।
- शीतलहरको समयमा सकेसम्म घरबाट बाहिर खुल्ला स्थानमा धेरै समय नबसौं।
- रातको समयमा न्यानो सिरक, कम्बल ओड्ने गरौं। सुत्दा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरिरलाई न्यानो राख्ने, छाती र टाउकोलाई चिसोबाट बचाऔं।
- चिसोको समयमा शरिरलाई चाहिने आवश्यक खानेकुरा तथा तातो झोलिलो खानेकुरा प्रशस्त मात्रामा खाने गरौं।
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्यचौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाऔं।
- शीतलहरले सबैभन्दा बढी वालवालिका, जेष्ठ नागरिक, गर्भवती महिला तथा विरामीहरु प्रभावित हुने हुदा विशेष सतर्कता अपनाऔं।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- धुम्रपान तथा मध्यपानको सेवन नगरौं।
- शीतलहर चलेको समयमा पाल्तु पशुंपन्छी, पशु चौपायलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलगी गोठ अथवा टहरामै राखेर पर्याप्त घास पराल, पानी दिने गरौं। विरामी परेमा नजिकको पशु कार्यालयमा जानकारी गराई उपचारको विधि अपानाऔं।
- आगो बालेको स्थानमा बच्चाहरुलाई एक्लै नछाडौं।
- सुत्ने कोठामा आगो, मक्कल, कोईला, हिटर बालेर झ्याल ढोका बन्द गरेर नसुतौं, जसले गर्दा स्वास फेर्न नसकी मृत्यू समेत हुन सक्छ।
- केही भवितव्य परेमा एक अर्कामा सहयोगको भुमिका निर्वाह गरौं।

**मनराशिसवा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मनरा, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

## शीतलहर तथा चिसोबाट बच्न जगरनापुर गाउँपालिकाको अनुरोध

यस वर्षको चिसो समय हाल भईरहेको छ। यस गाउँपालिकामा विगत देखिनै शीतलहर तथा चिसोका कारण मानवीय तथा धनजनको क्षती हुदै आईरहेको छ। त्यसैले यस गाउँपालिका कार्यालयले मौसमको कारण हुने शीतलहर तथा चिसोबाट बच्नको लागि समयमै सचेत रहन सर्वसाधारण सबैलाई हार्दिक अनुरोध गर्दछौं। शीतलहरबाट हुन सक्ने क्षती हुन नदिन सबैले आ-आफ्नो तर्फबाट भुमिका निभाउन अनुरोध छ। शीतलहर तथा चिसोबाट बच्न निम्न उपायहरु अपनाउन हार्दिक अनुरोध गर्दछौं।

- जाडो समयमा सधै न्यानो कपडा लगाऔं।
- शीतलहरको समयमा सकेसम्म घरबाट बाहिर खुल्ला स्थानमा धेरै समय नबसौं।
- रातको समयमा न्यानो सिरक, कम्बल ओड्ने गरौं। सुत्दा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरिरलाई न्यानो राख्ने, छाती र टाउकोलाई चिसोबाट बचाऔं।
- चिसोको समयमा शरिरलाई चाहिने आवश्यक खानेकुरा तथा तातो झोलिलो खानेकुरा प्रशस्त मात्रामा खाने गरौं।
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्यचौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाऔं।
- शीतलहरले सबैभन्दा बढी वालवालिका, जेष्ठ नागरिक, गर्भवती महिला तथा विरामीहरु प्रभावित हुने हुदा विशेष सतर्कता अपनाऔं।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- धुम्रपान तथा मध्यपानको सेवन नगरौं।
- शीतलहर चलेको समयमा पाल्तु पशुंपन्छी, पशु चौपायलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलगी गोठ अथवा टहरमै राखेर पर्याप्त घास पराल, पानी दिने गरौं। विरामी परेमा नजिकको पशु कार्यालयमा जानकारी गराई उपचारको विधि अपानाऔं।
- आगो बालेको स्थानमा बच्चाहरुलाई एक्लै नछाडौं।
- सुत्ने कोठामा आगो, मक्कल, कोईला, हिटर बालेर झ्याल ढोका बन्द गरेर नसुतौं, जसले गर्दा स्वास फेर्न नसकी मृत्यू समेत हुन सक्छ।
- केही भवितव्य परेमा एक अर्कामा सहयोगको भुमिका निर्वाह गरौं।

**जरनाथपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जरनाथपुर, पर्सा**
**मधेश प्रदेश, नेपाल**

# नेटो विस्तारको विरोधमा उभियो चीन

काठमाडौं/एजेन्सी- चीन पश्चिमा राष्ट्रहरुको सैन्य गठबन्धन नेटोको विस्तारको विरोधमा उभिएको छ। युक्रेनलाई लिएर बढेको तनावका बीच चीनले रुसको साथ दिँदै आएको छ । पश्चिमा शक्तिको सामना गर्नका लागि रुस र चीन थप नजिकिएका हुन् ।

गृष्मकालीन ओलम्पिकका लागि चीन पुगेका रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच भेटवार्ता भएको थियो । चीन र रुसले संयुक्त वक्तव्य जारी गरी आफूहरुबीच वैचारिक एकताको सन्देश दिएका हुन् । रुसले नेटो सैन्य गठबन्धन आफूलाई दबाउनका लागि पश्चिमा राष्ट्रले प्रयोग गरेको आरोप लगाउँदै आएको छ ।



रुसले युक्रेनसँगको सीमा क्षेत्रमा करिब एक लाख सैनिक तैनाथ गरेपछि अमेरिकासहितका पश्चिमा राष्ट्रले यसलाई रुसी आक्रमणको तयारी भनेका छन् । तर रुसले भने युक्रेनमाथि आक्रमणको कुनै तयारी नरहेको दाबी गर्दै आएको छ ।

रुसले पश्चिमा राष्ट्रसँग युक्रेन नेटोमा सामेल हुने ढोका बन्द गरिनुपर्ने माग गरेको छ । तर अमेरिकाले सो माग अस्वीकार गरेको छ । यसबीचमा चीन पनि नेटो विस्तारको विपक्षमा रुसको साथमा उभिएको हो । संयुक्त वक्तव्यमा चीन र रुसले नेटोमाथि शितयुद्धकालीन नीति अवलम्बन गरेको आरोपसमेत लगाएका छन् ।

यसैबीच रुसले आफ्नो समर्थन एक चीन नीतिमा रहेको बताएको छ । रुसले ताइवानलाई चीनकै एक अंग वा प्रान्तका रुपमा लिने बताएको हो । ताइवानले आफूलाई स्वतन्त्र देशका रुपमा लिँदै आएको छ । चीनले आफ्नो एक भूभागका रुपमा ताइवान रहेको दाबी गर्दै आएको छ । चीनको सो दाबीमा रुसले साथ दिएको हो ।

राष्ट्रपति सीले पुटिनको भ्रमणलाई शीतकालीन ओलम्पिकका लागि गेट-टुगेदर गर्ने प्रतिबद्धताको रूपमा वर्णन गरे । उनले शुक्रबारको वसन्त पर्व बैठकले चीन-रूस सम्बन्धमा नयाँ जीवन्तता थप्ने विश्वास व्यक्त  समेत व्यक्त गरे । गहिरो र जटिल विकासले भरिएको अन्तरराष्ट्रिय परिदृश्यको प्रतिक्रियास्वरूप चीन र रुसले पारस्परिक सहयोगको रणनीतिक समन्वयलाई अझ बजबुद बनाउन र अन्तर्राष्ट्रिय निष्पक्षता र न्यायका लागि काँधमा काँध मिलाएर उभिन प्रतिबद्ध रहेको कुरामा जोड दिए । सीले रुससँगको द्विपक्षीय सम्बन्धको र ाजनीतिक लाभको पूर्ण फाइदा उठाउन र चौतर्फीरूपमा व्यावहारिक सहयोगलाई अझ फलदायी बनाउन चीनको तत्पर तालाई जोड दिए । उनले दुवै पक्षले वस्तु तथा सेवा व्यापारको उच्च गुणस्तर ीय विकासको रोडम्याप कार्यान्वयन गर्न, कृषि, हरित व्यापार, औषधि तथा स्वास्थ्य, डिजिटल अर्थतन्त्रलगायतका क्षेत्रमा सहयोगलाई प्रगाढ बनाउन र रसदलाई निरन्तरता दिन यातायात पूर्वाधारको अन्तरसञ्जाल बढाउन आवश्यक रहेको बताए । युरेशियन महादेश र विश्वव्यापी औद्योगिक र आपूर्ति शृङ्खला स्थिर बनाउँन युरेशियन इकोनोमिक युनियनसँग बेल्ट एन्ड रोड सहकार्यलाई थप समन्वय गर्न उनले जोड दिए ।

विगत दुई दशकमा सांघाई सहयोग संगठनले गरेको असाधारण यात्रा र अन्तर ाष्ट्रिय समुदायमा महत्त्वपूर्ण रचनात्मक शक्तिको रूपमा यसको भूमिकालाई स्मरण गर्दै सीले ब्रिक्स सहयोग संयन्त्रलाई अझ प्रभावकारी बनाउन रुससँग सञ्चार र समन्वय बढाउन चीनको तत्पर रहेको पनि उल्लेख गरे ।

सो अवसरमा दुई नेता बीच बहुपक्षीयतालाई कायम राख्न, कोभिड-१९ विरुद्धको सहयोगलाई सुदृढ गर्न र आर्थिक पुनरुत्थानलाई बढावा दिन भूमिका खेल्ने परराष्ट्र मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ ।

# दिल्लीका विद्यालय खुल्दै

**काठमाडौं/एजेन्सी-** भारतीय राजधानी दिल्लीमा सोमबारदेखि स्कुल कलेज खुल्ने भएका छन् । प्रकोप व्यवस्थापन विभागको बसेको बैठकमा विद्यालय, कलेज र शैक्षिक संस्था खुल्ने निर्णय भएको हो । साथै, आगामी हप्तादेखि जिम, स्विमिंग पूल र स्पाहरूलाई फेरि खोल्न अनुमति दिइएको छ ।

कोरोनाभाइरसको तेस्रो लहरको जोखिम रोक्न लगाइएको रात्रीकालिन कर्फ्यूको अवधि भने एक घण्टाले घटाउँदै अहिले बेलुका ११ बजेदेखि बिहान ५ बजेसम्म कायम गरिएको छ । विद्यालयलाई चरणवद्धरुपमा खोल्न अनुमति दिइएको छ । कक्षा ९ देखि १२ फेब्रुअरी ७ देखि सञ्चालन गर्न सकिने भएको छ भने फेब्रुअरी १४ देखि नर्सरीदेखि ८ सम्मका कक्षाहरू सञ्चालन हुनेछन् ।

दिल्लीका उप-मुख्यमन्त्री मनिष सिसोदियाले खोप नलगाएका विद्यार्थीले कक्षा लिन नपाउने बताएका छन्। साथै कार्यालयहरूले १०० प्रतिशत उपस्थितिको साथ काम गर्न पाउनेछन् भने एक्लै कार चलाउने व्यक्तिहरूले भने मास्क लगाउन आवश्यक नरहेको निर्णय गरिएको छ ।

पछिल्ला दिनहरुमा कोरोना संक्रमित हुनेहरुको संख्यामा कमि आए पछि राजधानीका प्रतिबन्धहरू कम गर्ने र स्कूल र कलेजहरूलाई पुनः खोल्न अनुमति दिने निर्णय गरेको हो । यसका साथै लेफ्टिनेन्ट गभर्नर अनिल बैजलको अध्यक्षतामा बसेको बैठकमा १५ देखि १८ वर्ष उमेर समूहका लागि खोप बढाउनुपर्नेमा जोड दिइएको छ ।

यसैबीच भारतमा कोरोना भाइरसबाट थप एक लाख २७ हजार ९५२ जना नयाँ संक्रमित भएका छन् । संघीय स्वास्थ्य मन्त्रालयले कोरोना भाइरसबाट कुल संक्रमितको संख्या चार करोड २० लाख ८० हजार ६६४ पुगेको जनाएको छ ।

सरकारी अधिकारीहरूले शनिबार बिहान दिएको जानकारी अनुसार पछिल्लो एक दिनमा एक हजार ५९ जनाको मृत्यु भएको छ। यससँगै भारतमा कोरोना भाइरसका कारण मृत्यु भएकाहरूको कुल संख्या पाँच लाख एक हजार ११४ पुगेको छ ।

भारतमा अहिले १३ लाख ३१ हजार ६४८ जना संक्रमित अवस्थामै रहेको मन्त्रालयका अधिकारीहरूले जनाएका छन् । पछिल्लो २४ घण्टामा दुई लाख ३० हजार ८१४ जना कोरोना भाइरसबाट संक्रमणमुक्त भएका छन् । एउटै अवधिमा नयाँ संक्रमितहरुको संख्याभन्दा संक्रमणमुक्त भएकाहरूको संख्या झण्डै दोब्बर रहेकाले सक्रिय संक्रमितहरुको संख्या तिव्र रुपमा घट्दै गइरहेको छ ।


## कतारमा रोजगार

कम्पनी: ALFRED TALKE LOGISTIC SERVICES
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/१०/२१ चलानी नं.: ६०१७३९३९ LT. No.: 257471

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५५,७९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen Product Worker | 10 | 0 | | 1000 | ३२,८२० | | | | | | | |
| 3. | Heavy Vehicle Driver | 5 | 0 | | 1900 | ६२,३५८ | | | | | | | |
| 4. | Labourer | 4 | 0 | | 1000 | ३२,८२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुण १ गते (13 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.
(श्रम इजाजत नं: ५४३/०६१/०६२)
बसुन्धारा, काठमाडौं, फोन नं.: ४३५९७७२, ४३८४१९०, ४३९४१९१
फ्याक्स नं.: ४३८३६२७ देबी प्रसाल अधिकारी ९८५१०९९३०० , Email: capital2004@yahoo.com
" Real Happiness Lies in Making Other Happy"


# ट्रम्प गलत हुन् : पेन्स

**काठमाडौं/एजेन्सी-** अमेरिकाका पूर्व उपराष्ट्रपति माइक पेन्सले जो बाइडेनलाई गएको वर्ष राष्ट्रपति बन्नबाट रोक्ने अधिकार आफूसँग रहेको भन्ने डोनाल्ड ट्रम्पको दाबी खारेज गरेका छन् । तत्कालीन राष्ट्रपति ट्रम्पले चुनावमा आफू पराजित भए पनि इलेक्टोरल कलेज मतको अन्तिम निर्णय गर्ने अधिकार उपराष्ट्रपतिसँग हुने भन्दै विजयी भएका बाइडेनको जित अस्वीकृत गर्न दबाब दिएका थिए ।




ट्रम्पले अझैसम्म पनि आफ्नो हार स्वीकार गरेका छैनन् र नतिजा आफूबाट खोसिएको प्रमाणबिहीन आरोप लगाउँदै आएका छन् । पेन्सले चाहेको भए आफू राष्ट्रपतिमा कायम भइरहने ट्रम्पको भनाइ छ ।

तर पेन्सले डोनाल्ड ट्रम्प गलत रहेको बताएका हुन् । ट्रम्पको चुनावी झुटविरुद्ध अहिलेसम्मकै गम्भीर र कडा प्रतिवाद गर्दै पूर्व उपराष्ट्रपति पेन्सले आफूसँग चुनावको नतिजा उल्ट्याउने क्षमता नरहेको बताए ।

ट्रम्पका समर्थकले गएको वर्ष जनवरी ६ मा हिंसात्मक प्रदर्शन गरेर चुनावको नतिजा उल्ट्याउने प्रयास गरेका थिए । तर पेन्सले भने आफ्नो संवैधानिक जिम्मेवारी पूरा गरेका थिए । यसैबीच पेन्सले ट्रम्प गलत रहेको बताइरहँदा उनको पार्टी रिपब्लिकन पार्टीले भने त्यस विपरित काम गरेको छ । रिपब्लिकन पार्टीले संसद भवनमा भएको आक्रमण सम्बन्धी अध्ययन समितिमा रहेका दुई रिपब्लिकन सांसद लिस चेनी र एडम केन्जिङ्गर लाई कारवाही गरेको छ ।


नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
## सडक डिभिजन, डोटी

### आर्थिक प्रस्ताव खोलिने बारेको सूचना

प्रकाशित मिति २०७८/१०/२३

यस कार्यालयबाट निर्माण हुने विभिन्न निर्माण कार्यहरुका लागि सूचना नं. ०२, मिति २०७८।०४।१० मा सूचना प्रकाशन भई **E-Bidding** मार्फत पेश हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावहरु खोलि मुल्याङ्कन हुँदा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्रस्तावहरु सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन समेत) को नियम ३१ङ(४) बमोजिम सारभूत रुपमा प्रभावग्राही बोलपत्र भएकोले मिति २०७८।११।०१ गते १०:०० बजे यस कार्यालयमा उक्त बोलपत्रदाताहरुको आर्थिक प्रस्ताब खोलिने भएको हुँदा सोहि नियमको उपनियम ५ बमोजिम सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित बोलपत्रदाताहरु उपस्थित नभएको कारणले आर्थिक प्रस्ताव खोल्न बाधा नपुग्ने समेत जानकारी गराइन्छ ।

तपशिल

| ठेक्का नं. | कामको विवरण | सारभुतरुपमा प्रभावग्राही बोलपत्रदाताहरु |
|---|---|---|
| RDDOT/ 337011764/ 2078/079-020 | Sallaghari Chamalek Dakale Road, Dadeldhura | M/s Thogung-Jagriti JV, Kathmandu<br>M/s Sanidev Nirman Sewa Pvt. Ltd., Kanchanpur<br>M/s Oasis Engineers & Builders Pvt.Ltd., Kathmandu<br>M/s KS Construction Pvt. Ltd., Kailali<br>M/s PS-Royal JV, Kailali<br>M/s Rajendra Nirman Sewa Pvt. Ltd., Kailali<br>M/s Sky Builders-Sagun JV, Kathmandu<br>M/s Mainachuli-RB-MBA JV,Baitadi<br>M/s Saptakoshi Jaladhar Nirman Company Pvt. Ltd., Kathmandu<br>M/s Radha Krishna & Brothers Pvt. Ltd., Sindhupalchowk |

डिभिजन प्रमुख



## यदि तपाई धितोपत्र (शेयर, ऋणपत्र, सामुहिक लगानी योजनाको ईकाई आदि) मा लगानी गर्दै हुनुहुन्छ भने लगानी गर्नु अघि निम्न कुराहरूमा विशेष ध्यान दिनुहोस् ।

- धितोपत्रको मूल्यमा समय समयमा उतारचढाव आउन सक्ने भएकोले धितोपत्रमा लगानी गर्दा मूल्य उतारचढाव सम्बन्धी उपयुक्त सूचना लिई संयमित तथा विवेकशील भएर मात्र लगानीको निर्णय लिनुहोस् ।
- धितोपत्रमा गरिने लगानीमा प्रतिफल तथा जोखिम दुवै हुने हुँदा हल्ला, अनावश्यक प्रचार प्रसार वा कसैको बहकाउमा नलागी बजार तथा कम्पनीको बास्तविक बस्तु स्थिति बुझेर आफ्नो स्वविवेकमा नै लगानी सम्बन्धी निर्णय गर्नुहोस । साथै आफ्नो जोखिम बहन गर्न सक्ने क्षमताको मूल्याकंन समेत गर्नुहोस् ।
- धितापत्रको प्राथमिक बजारमा निष्काशन गरिने धितोपत्रमा लगानी गर्नुअघि धितोपत्र निष्काशनकर्ता कम्पनीको आव्हानपत्र तथा विवरणपत्र मार्फत प्रवाहित जानकारीहरू मूख्य तथा कम्पनीको संस्थापक तथा व्यवस्थापन पक्ष, वित्तीय स्थिति (नेटवर्थ, नाफा नोक्सान स्थिति, आदि), लगानी योजना, जोखिम पक्ष, क्रेडिट रेटिङ्गको स्तर जस्ता कुराहरूको विश्लेषण गर्नुहोस् ।
- नेपाल धितोपत्र बोर्डमा दर्ता भएको तथा नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सूचीकृत धितोपत्रमा मात्र लगानी गर्नुहोस् ।
- धितोपत्रको दोस्रो बजारमा लगानी गर्दा सम्बन्धित कम्पनीको कार्य सम्पादन स्थिति, धितोपत्रको मूल्यमा प्रभाव पार्न सक्ने संवेदनशील सूचना जस्तै लाभांश घोषणा, हकप्रद शेयरको घोषणा, व्यबस्थापनमा परिवर्तन, भावी योजनाहरू, कम्पनीको आवधिक र वार्षिक  प्रतिवेदनमा उल्लेखित वित्तीय सूचकांकहरू (Earning Per Share, Dividend Per Share, Price/Earning Ratio, Net Worth Per Share), पूँजी कोष अनुपात, निस्क्रिय कर्जा अनुपात आदि) धितोपत्रको मूल्य प्रवृत्ति, कम्पनीको साधारण सभाको निर्णय (माइन्यूट) जस्ता महत्वपूर्ण कुराहरूको अध्ययन गर्नुहोस् ।
- दोस्रो बजारमा कारोबार गर्दा कारोबार भएको दिनको दुई (२) दिन भित्रमा कारोबारको राफसाफ (T+2) हुनुपर्ने कुराको जानकारी लिनुहोस् ।
- आफूसंग भएको धितोपत्र (कागजी प्रमाणपत्र) लाई कारोबार योग्य बनाउन बोर्डबाट अनुमति प्राप्त निक्षेप सदस्य मार्फत अभौतिकीक रण गर्नुहोस् ।
- प्राथमिक बजारमा लगानी गर्न निक्षेप सदस्यकोमा हितग्राही खाता (Demat Account) खोली आफ्नो बैकं खाता रहेको बैंकबाट आस्वा वा सि-आस्वा रजिष्ट्रेशन नं. लिई अनलाईनबाट सहजरूपमा लगानी गर्नुहोस् । धितोपत्र बजारमा लगानी गर्न हितग्राही खाता (Demat Account) अनिवार्य गरिएको हुँदा, सिडिएस एण्ड  क्लियरिङ्ग कम्पनी लिमिटेड (सिडिएससी) तथा निक्षेप सदस्यसँग सम्पर्क राखी बैंक खाता सहितको ग्राहक परिचय विवरण (KYC Form) अनिवार्यरूपमा भरी हितग्राही खाता (Demat Account) खोलेर धितोपत्र खरिद बिक्री कारोवार गर्नुहोस् । आफूले खरिद गरेको धितोपत्र समयमै आफ्नो खातामा जम्मा भए/नभएको ध्यान दिनुहोस् ।
- धितोपत्र बजारमा देशको समग्र आर्थिक तथा राजनैतिक स्थितिले प्रत्यक्ष प्रभाव पार्ने भएकाले धितोपत्रमा लगानी गर्दा यसप्रति समेत सजग रहनुहोस् ।
- धितोपत्रको दास्रो बजारबाट कारोबार गर्दा सिधै नेप्सेको विद्युतीय कारोबार प्रणाली वा बोर्डबाट अनुमति प्राप्त धितोपत्र दलाल तथा तिनको शाखा कार्यालयबाट मात्र गर्नुहोस् ।
- धितोपत्र कारोवारमा रकमको लेनदेन गर्दा बैंक तथा वित्तीय संस्था मार्फत मात्र गर्नुहोस् ।
- लगानी विविधिकरण (Investment Diversification) बाट लगानीमा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न सघाँउ पुग्ने हुँदा लगानी विविधिकरणमा ध्यान दिनुहोस् ।
- दीर्घकालीन रूपमा गरिने लगानीले जोखिमको संभावनालाई न्युन गराउने हुँदा लगानी गर्दा यस तथ्यलाई समेत मनन गर्नुहोस् ।
- पूँजी बजार सम्बन्धी नीति, नियम तथा निर्देशनहरूले धितोपत्रको मूल्यमा असर पार्ने भएकाले सुसूचित निर्णयका लागि बोर्ड, नेप्से, नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय तथा बीमा समितिको वेबसाइट हेर्ने गर्नुहोस् ।
- लगानीकर्ताहरूलाई पूँजीबजार सम्बन्धी साक्षर बनाउने उद्देश्यले बोर्डले समय समयमा आफ्नो कार्यालयमा तथा विभिन्न जिल्लाहरूमा लगानीकर्ता सचेतनामुलक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएकोमा त्यस्तो कार्यक्रममा सहभागी हुनुहोस् ।
- बोर्डबाट रेडियो नेपालमार्फत प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार बिहान ७.४० देखि ७.५५ सम्म  सञ्चालन गरिने धितोपत्र तथा वस्तु विनिमय रेडियो कार्यक्रम सुनेर बजार सम्बन्धी जानकारी लिनुहोस् ।
- लगानीकर्ताको अधिकार तथा जिम्मेवारी सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन नियम, कम्पनी ऐन तथा अन्य सम्बन्धित ऐन नियमहरूको साथै बोर्डबाट भएका व्यवस्थाहरूबारे जानकारी राख्ने । धितोपत्र सम्बन्धी ऐन नियमहरू र अन्य व्यवस्थाको जानकारी बोर्डको वेबसाइट (www.sebon.gov.np) तथा बोर्डको सम्बन्धित प्रकाशनमार्फत समेत हेर्नुहोस् ।

धितोपत्रमा लगानी सम्बन्धमा कुनै जिज्ञासा, गुनासा तथा उजुरीहरू भएमा बोर्डको वेवसाईटमा रहेको Grievance button मार्फत वा टोल फ्रि.नं. १६६०-०१-४४४३३ (निःशुल्क) वा हटलाइन नं ५५४४०७६ वा बोर्डको ठेगानामा पठाउनुहोस् ।

नेपाल धितोपत्र बोर्ड
पो.व. नं. ९०३१, खुमलटार, ललितपुर
फोनः ०१-५५४१०५७, ५५५११६२, ५५४४०७७, ५५५०५११
फ्याक्सः ०१-५५४१०५८ टोल फ्रि.न. १६६०-०१-४४४३३
वेबसाइटः www.sebon.gov.np ईमेल ठेगानाः support@sebon.gov.np

# बक्स अफिस समाचार

# ‘नेपाललाई जोगाउन गोर्खालीले बगाएको कथा हो- सिन्धुलीगढी’



ठण्ड बहादुर अधिकारी “सास”, निर्माता

**रं**गमञ्चको राम्रै अनुभव संगालेका वरिष्ठ नाट्यकर्मी ठण्डबहादुर अधिकारी ‘सास’ विगत लामो समय युरोप र अमेरिकाको बसाईपछि स्वदेशमै केही गर्ने उद्देश्यका साथ नेपाल फर्किएका हुन् । उनले दर्जन थेटर नाटक निर्देशन गर्नुका साथै अभिनय गरेका छन् । कलाकारिता क्षेत्रमा बि.सं. २०५४ साल देखि नै सक्रिय कलाकर्मी अधिकारी दर्जन बढी राष्ट्रिय स्तरका अवार्ड, सम्मानबाट सम्मानित भएका छन् । यतिबेला महँगो बजेटमा ऐतिहासिक विषयमा चलचित्र निर्माण घोषणा गरेका छन् । उनलाई निर्देशक विश्वमणि घिमिरेले चलचित्र निर्माणमा सहकार्य गर्ने भएका छन् । आर्थिक अवस्थाका कारण विदेशिनु पर्दा लामो समय कलाकारितामा निष्क्रिय रहेपनि विदेशबाट फर्केलगतै सास ग्रुप मार्फत विभिन्न व्यवसाय गर्दै आइरहेका अधिकारीलाई कलाकारिताले भने पच्छ्याई नै रह्यो र गाउँ गाउँमा सासको रंग अभियान, नेपाली संस्कृति बचाऔं राष्ट्रिय महाअभियान सञ्चालनमा सक्रियरुपले लागेका अधिकारी सास इन्टरटेनमेन्ट सिनेमा प्रालि कम्पनी खोली चलचित्र निर्माणमा अग्रसर भएका छन् । उनी ऐतिहासिक चलचित्र “**सिन्धुलिगढी**” मार्फत निर्मातामा डेब्यु गर्दै छन् । यसै सन्दर्भमा निर्माता **ठण्ड बहादुर अधिकारी “सास”**ले **मध्यान्ह दैनिक**का लागि **सानु श्रेष्ठ**सँग चलचित्र “**सिन्धुलिगढी**”को सन्दर्भमा गरेको कुराकानीको सम्पादित अंश :

**सिन्धुलीगढी प्राकृतिक सुन्दरता र ऐतिहासिक दृष्टिले महत्वपुर्ण स्थान हो । यस्तो विषयमा चलचित्र बनाउने सोच कसरी आयो ?**

निर्देशक विश्वमणि घिमिरे मेरो पुरानो भाइ साथी हुन्, म पनि कलाकारिता क्षेत्रमा केही गरौं भनी युरोप अमेरिकाको बसाईपछि स्वदेश फर्केको हुँ, उहाँसँग सहकार्य शुरु भयो, उहाँले हतार नगर्नुस् एउटै काम गर्नुपर्छ जिवन्त गर्नु पर्छ भन्नुभयो, मैले कुरै बुझिनँ तर अहिले बुझें साह्रै चित्त बुझ्यो अनि आकर्षित भएँ, मेरो पनि अन्तरात्माले यो हो नि यथार्थ भनी ‘सिन्धुलीगढी’ बनाउने सोच आयो ।

**कहिलेबाट छायांकन शुरु हुन्छ ?**

फागुनबाट गर्ने तयारी छ । जसको लागि पूर्ण तयारी अवस्थामा छौं । कोरोनाको अवस्था, देशको परिस्थिति चुनावी माहोल हेर्छौं, माहोल प्रतिकुल छ, अनुकुल अनुसार छायांकन शुरु गर्छौं ।

**सिन्धुलीगढी नेपाल अंग्रेज युद्धको जीवित दस्तावेज हो । यसलाई कसरी पर्दामा उतार्दै हुनुहुन्छ ?**

निर्देशक विश्वमणि घिमिरे सिन्धुलीकै हुनु भएकोले उहाँले लामो समय लगाएर खोज, अध्ययन, अनुसन्धान पश्चात दस्तावेजलाई स्क्रीन प्ले बनाउनु भएको हो । नेपाली ऐतिहासिक दस्तावेजहरु प्रायः सेनपसिसमामात्र उल्लेख गरिएको हुन्छ । पात्रहरुको संवादलाई उल्लेख गरिएको हुँदैन, यस्तो कार्यका लागि धेरै सिर्जनात्मक क्षमता चाहिन्छ र त्यो निर्देशकले खर्चिनु भएको छ, यसमा कुनै कन्चुसाई गर्नु भएको छैन । आधुनिक वैज्ञानिक प्रविधिमार्फत यसलाई पर्दामा उतार्नु पर्ने हुन्छ । सोही अनुरुप स्टोरी बोर्ड अनुसार कार्य गर्छौं । पर्दामा उतार्ने प्रारम्भिक चरणको कार्य हामी टेबलवर्कमै सक्छौं, फिल्डमा त सब्जेक्टिब कार्यहरु गर्ने छौं ।

**बि.सं. १९७५ मा सिन्धुलीगढीका कर्णेल कीर्तिमान खत्रीको नेतृत्वमा बडाहाकिम र सेना बस्न १४ ढोका ५६ झ्याल भएको २ तले दरबार बनाइएको थियो । चलचित्रमा त्यो संरचनालाई कसरी प्रयोग गर्नुहुन्छ ?**

यो बि.सं. १९२४ ताकाको युद्ध भएकाले इष्ट इण्डिया कम्पनी हेड क्वाटर बेतियादेखि सिन्धुली माडी फाँट, ढुङ्गेबास, फेदि, सिरवानिको उकालो, भद्रकाली, आड ‘पौवागढी’ र सोला भन्ज्याङसम्मको परिघटना भएकाले, तपाईंले भनेको गढीको दरवार युद्ध स्थलबाट अहिले १,२ घण्टा माथि पर्छ, त्यो बेला दरबारको भौतिक संरचना थिएन ।

युद्धमा गोर्खालीको तर्फबाट पृथ्वीनारायण शाहको कमाण्डमा बन्शु गुरुङ, बिरभद्र उपाध्याय, श्रीहर्ष पन्थ, बन्शराज पाण्डे, चम्पनसिंह थापा र अङ्ग्रेजी फौजमा क्यापटन किनलकको नेतृत्वमा हार्डी, होगान, वुडम्यान, किड, असबोन लगाएत २४ सय अङ्ग्रेजी फौज र जसमा भारतीय मूलका महिला पुरुष सहभागी थिए । त्यसैले यो दरबारको भौतिक संरचना पछि बनेकाले चलचित्रमा कैद गर्नु इतिहासप्रति अन्याय हुन्छ ।

**सिन्धुलीगढी इतिहासको कालखण्डमा निकै कुख्यात घटनाको रूपमा परिचित डोयहरूको काठमाडौंं आक्रमण अर्थात विसं १३६७ देखिमात्र होइन राणाकाल तथा शाहकालीन समयसम्म राननैतिक, प्रशासनिक, सामरिक तथा ऐतिहासिक महत्व बोकेको स्थान भएकोले चलचित्रमा यसले स्थान पाउछ कि पाउदैन ?**

सिन्धुलीगढी चलचित्रको मुख्य प्लट भनेको गोर्खालीको र अङ्ग्रेजी फौजबीच सिन्धुलीको पौवागढी भन्ज्याङ्मा भएको युद्ध हो ।

यो युद्धसँग जोडिएका कारणहरु सब प्लटमा त निश्चय नै जोडी नै हाल्छ त्यसमा कान्तिपुरका राजा जयप्रकाश मल्ललाई गोर्खालीहरुले चारैतिरबाट घेरा हाली कान्तिपुर कब्जा गर्न खोज्दा गोर्खेहरुसँग झुक्नु भन्दा इष्ट इण्डिया कम्पनी सरकारसँग सैन्य सहायता माग्दा, सहायताको नाममा अङ्ग्रेजी फौज कान्तिपुर छिर्न सिन्धुलीको बाटो हुँदै खोजेको थियो । जसलाई गोर्खालीहरुले सिन्धुलीगढीमै रोकेको ब्याटेलिक न्यारेटिभ ‘युद्धको कथा वाचन’ यो चलचित्र मार्फत भनिन्छ । मुख्य विषयसँग जोडिएका सहायक विषयहरुले नै यो चलचित्रमा स्थान पाउँछ । मुख्य प्लटबाट विचलित भै सहायक प्लटमै रुमलिने अवस्थामा कथा छैन ।

**चलचित्रमा प्रयोग गर्नैपर्ने हातहतियार र अन्य वस्तुहरुको बारेमा केही बताउन मिल्छ ?**

मिलिहाल्छ नि, गोर्खाली सेनाले प्रयोग गर्ने केही भरुवा बन्दुक, तरवार, गाउँलेहरुले प्रयोग गर्ने घुयत्रो, बासको सोइला, ढुंगा, घात एम्बुस अङ्ग्रेजी फौजले प्रयोग गर्ने बन्दुक, भाला, तोप तात्कालिन आधुनिक हतियार हात्ती, घोडा, राँगाहरु नै प्रयोग गरिन्छ ।

**यो चलचित्र निर्माणको लागि राज्यबाट कस्तो सहयोगको अपेक्षा गर्नुभएको छ ?**

निश्चितरूपमै गरिन्छ नि, यो राज्यको दायित्व पनि हो, यो दायित्वबाट राज्य पन्छिन्छ जस्तो त लाग्दैन । विभिन्न भाषामा डबिङ गरेर बीरताको गाथा चलचित्र सिन्धुलीगढीमार्फत संसारलाई भन्न पाउनु राज्यको पनि गर्वको विषय हो नि । यसमा राज्यले स्वामित्व लिन्छ र लिनु पनि पर्छ ।

**यो दस्तावेजमात्र हो कि व्यावसायिक चलचित्र हो ?**

भावी पुस्तालाई नेपाल कसरी अभिछिन्न, अविभाजित, स्वतन्त्र मुलुक हो भनेर बताउनका लागि पहिचानसहितको सुरक्षित ऐतिहासिक दस्तावेज हो । लगानीको हिस्सा ठूलो हुने भएकोले लगानी सुरक्षित गर्नका लागि व्यावसायिक चलचित्र पनि हो भन्नुपर्‍यो ।

**लागतको हिसावले पनि महागो होला जस्तो छ, कति बजेट छुट्याउनु भएको छ ?**

नेपाली चलचित्रको इतिहासकै सर्वाधिक मुल्य र मान्यताको चलचित्र हो, कथाको माग अनुसारको प्रोपर्टीमा कुनै कम्प्रोमाइज हुँदैन, निर्देशकसँगको सहमति पनि सोही बमोजिम भएको छ ।

**छायांकन अवधि कति हुने छ ?**

करिब ६० दिन, आवाश्यकता अनुसार थप हुन्छ ।

**यसमा कस्ता खाले कलाकारहरुले काम गर्ने छन् ?**

अभिनयमा पारङ्गत, नन फेसिङ आर्टिष्टले नै काम गर्ने छन् ।

**कहिलेसम्ममा दर्शक माझ आउला ?**

अवस्था हेरेर छिटो भन्दा छिटो दर्शकमाझ ल्याउने प्रयास गर्नेछौं ।

**अन्त्यमा यस चलचित्रको बारेमा थप केही भन्न चाहनु हुन्छ ?**

यो मेरो निर्माणमा बन्ने पहिलो चलचित्र हो यही चलचित्रमार्फत निर्मातामा डेब्यु गर्दै छु । सम्पूर्ण जनताको साथ सहयोगको अपेक्षासहित नेपाललाई गुलाम हुनबाट जोगाउन बीर गोर्खालीले बगाएको रगतको कथा चलचित्र सिन्धुलीगढीमार्फत संसारलाई सुनाउँदै छौं, यो हाम्रो प्रयासलाई देश र विदेशमा बस्ने सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरुको वासल्यता चाहन्छौं ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७८/१०/२३

यस कम्पनीको मिति २०७८/०४/०४ मा सम्पन्न एकल शेयरधनीको निर्णय बमोजिम साविक कम्पनी **रेशम शिवशक्ति कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि. नं. २०१९७७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०४/१३ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **एस.ए.आर. बिल्डर्स एण्ड सप्लार्यस प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**हक दावी सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७८/१०/२३**

यस कार्यालयमा मिति २०७४/११/२० मा दर्ता भएको **प्रा.लि. नं. १८४९९१** को **उग्रतारा डिजिटल म्यूजिक प्रा.लि.**, नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नाम परिर्वतन सम्बन्धी सूचना ।**

(तेस्रो पटक प्रकाशित मिति २०७८/१०/२३)

कम्पनी ऐन २०६३ बमोजिम स्थापना भएको (प) लि.नं. १२३८/०६६/०६७ को साबिक कञ्चनजंघा हाउजिङ्ग लिमिटेड कम्पनीको नाम परिर्वतन भई अब उपरान्त ट्रेड टावर लिमिटेड कायम हुने गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत मिति २०७८/१०/१२ गते स्वीकृती प्राप्त भई सकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

ट्रेड टावर लिमिटेड
साविकको कञ्चनजंघा हाउजिङ्ग लिमिटेड
८औ तल्ला ट्रेड टावर थापाथली, काठमाण्डौं
का.म.न.पा.-११, फोन ०१-५१११०००

**श्री सुर्खेत जिल्ला अदालतबाट जारी भएको जिल्ला अछाम कुइका वडा नं.१ भई हाल जिल्ला सुर्खेत वी.न.न.पा वडा नं. ५ बस्ने कृष्णखरको नाति जयरुद्र तिमिल्सेनाको छोरा अ.वर्ष ४६ को प्रेमराज तिमिल्सेनाका नाउँको इतलायनामा..........**

उप्रान्त वादी जिल्ला सुर्खेत सुर्खेत वी.न.न.पा.वाड नं. ५ बस्ने कल बहादुर शाहीको नाति निरक बहादुर शाहीको छोरा वर्ष ३२ को कविन्द्र बहादुर शाही आगे प्रतिवादी ऐ.ऐ. बस्ने हरिचन्द्रको नाति कल बहादुर शाहीको छोरा वर्ष ६३ का निरक बहादुर शाही समेत भएको मु.र.नं. ७८-७७-००४९२ (०७७-C४-००६८) को जालसाज मुद्दा मिति २०७७/०९/०६ गते यस अदालतमा दायर भएको तपाईंका नाउँमा यो इतलायनामा म्याद जारी गरी पठाईएको छ । यो इतलायनामा म्याद प्रकाशित भएका मितिले बाटाको म्याद बाहेक २१ (एक्काईस) दिनभित्र आफ्नो प्रमाण सहित आफै वा कानून बमोजिमको वारेस मार्फत लिखित रुपमा प्रत्तिउत्तर-पत्र लिई हाजिर हुन आउनुहोला। नआई गुजारी बसेमा मुद्दा कानून बमोजिम हुनेछ । पछि तपाईंको उजुर बाजुर लाग्ने छैन ।

इति सम्वत २०७८ साल पौष महिना २५ गते रोज १ शुभम्.................।

**कतारमा रोजगार** | कम्पनीः **TAWAR MALL REAL ESTATE MANAGEMENT AND RENTAL COLLECTION** शहरः **DOHA**

पूर्व स्वीकृत मितिः २०७८/१०/२१ चलानी नं.: ६०१७३९९३ LT. No.: 257538

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 13 | 5 | स. काममा दक्ष | 1000 | ३२,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन १ गते (13 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ब्लु बर्ड ओभरसिज प्रा. लि.** License No.: 308/059/060
कालोपुल-३३, काठमाडौं, फोन : ४४३६८०२, ४४३८६०९, मो. : ९८०२०५०५७१
E-mail : info@bluebirdoverseas.com, Web : www.bluebirdoverseas.com

**JORDAN मा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **MAS KREEDA AL SAFI** शहरः **JORDAN**

पूर्व स्वीकृत मितिः २०७८/१०/१८ चलानी नं.: ६०१७३७८७ LT. No.:257200

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब JOD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 20 | 230 | स. काममा दक्ष | 220 | ३७,३३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | ३ वर्ष |

**नोटः तलबः JOD २२० (JOD १२५ नगद + JOD ९५ बस्तुगत पारिश्रमिक)**

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुण १ गते (13 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- रोजगारदापताले दिने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SCC Manpower Company Pvt. Ltd.**
Govt. Lic. No. 487/061/062
GPO Box 8975 EPC 5219, Gautam Marg- 25, Kamalpokhari, Kathmandu, Nepal
Phone: 01-4545148, Fax: 01-4420002, E-mail: info@sccmanpower.com

**कतारमा रोजगारको अवसर** | कम्पनी : **SHAKESPEARE AND CO.**

पूर्व स्वीकृत मितिः २०७८/१०/२१ | चलानी नं.: ६०१७३९९५ | L.T. No.: 257426 | शहरः DOHA

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Cook | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५८,९३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cooker | 4 | 0 | | 1500 | ४९,११० | | | | | | | |
| 3. | Labourer | 5 | 0 | | 1300 | ४२,५६२ | | | | | | | |
| 4. | Waiter | 0 | 2 | | 1600 | ५२,३८४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुण १ गते (13 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**HABTOOR INTERNATIONAL PVT. LTD.**
Govt. Lic. No. 1147/073/74
GPO Box: 261, Basundhara-29, Kathmandu (गंगाहरी सदन भवनको चौथो तला)
Tel: 01-4983377, 4973377, 9801059552 /553 , 9801059911 ,9801059988
E-mail : job@habtoorinternational.com & jobsinhabtoor@gmail.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **ASAS Factory for Aluminum Foils Containers and Paper, Plastic Products.** शहरः Riyadh

पूर्व स्वीकृत मितिः २०७८/१०/२० चलानी नं.: ६०१७३९९७ L.T. No.: 257389

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Machine Operator | 2 | 0 | | 1200 | ३८,१३६ | | | | | | | |
| 3. | Loading Unloading Labor | 5 | 0 | | 1000 | ३१,७८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ फागुन १ गते (13 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Fast Employment Service (P.) Ltd.**
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com

# बेइजिङ ओलम्पिक : नर्वेले जित्यो पहिलो स्वर्ण




**काठमाडौं/एजेन्सी–** चीनको राजधानी बेइजिङमा जारी शीतकाली ओलम्पिकको पहिलो स्वर्ण नर्वेले जितेको छ। महिलातर्फ ७.५ किमी क्रसकन्ट्री स्किइङमा थेरिज जोहगले नर्वेलाई स्वर्ण दिलाएकी हुन्। उनले ४४ मिनेट १३.७ सेकेन्डमा उक्त दौड पुरा गरेकी हुन्। जोहाउगले जीवनका पहिलो व्यक्तिगत स्वर्ण पदक हात पारेकी हुन्। तर तेस्रो पटक ओलम्पिकमा सहभागिता जनाएकी जोहाउगका लागि यो दोस्रो स्वर्ण तथा चौथो ओलम्पिक पदक हो।

रुसकी नाटालिया नेपर्याइभाले ४४ मिनेट तथा ४३.९ सेकेन्डमा रजत पदक तथा अष्ट्रीयाकी टेरेसा स्टाड्लोबरले ४४ मिनेट तथा ४४.२ सेकेन्डमा कास्य पदक हात पारिन्।

त्यस्तै ३ हजार मिटरको स्पिड स्केटिङ प्रतिस्पर्धातर्फ स्कोटिन एरिनले नेदरल्यान्डलाई पनि स्वर्ण जिताइन। नेदरल्यान्ड र नर्वे पदक तालिकाको शीर्ष स्थानमा छन्। पदक तालिकाको अन्य स्थानमा स्लोभानिया, नेदरल्याण्डस, स्वीडेन, क्यानडा, रुस, फ्रान्स, जर्मनी र इटाली छन्। कोभिड-१९ महामारी, कूटनीतिक बहिष्कार र उइगुर समुदायमाथि चिनियाँ व्यवहारजस्ता चुनौतिबीच बेइजिङ शीतकालिन ओलम्पिक्स सुरु भएको छ। शीतकालको झल्को आउने र नीलो प्रकाशमा हिउँ चित्रित हुन खाले भव्य समारोहबीच राष्ट्रपति सी जिनपिङले ओलम्पिक सुरुआत भएको घोषणा गरे। ९० मुलुकका ३ हजार खेलाडीले प्रतियोगितामा भाग लिएका छन्।

बेइजिङ सहर शीतकालिन र ग्रीष्मयाम ओलम्पिक आयोजना गर्ने पहिलो सहर बनेको छ। सन् २००८ मा बेइजिङले समर ओलम्पिक गेम आयोजना गरेको थियो। विन्टर ओलम्पिकको शुभारम्भ समारोहमा ५००० वर्ष पुरानो चिनियाँ सभ्यता झल्काउने झाँकी प्रस्तुत गरिएको थियो। शुभारम्भ समारोहमा बोल्दै चिनियाँ राष्ट्रपति सी जिनपिङले आफ्नो मुलुकलाई खेलकुद पावरहाउस बनाउने भनाई दोहोऱ्याए।

कोरोना संकटको कारण 'क्लोज्ड लुप' भनिने ओलम्पिक भिलेजमा प्रतियोगिता आइरहेका छन्। उक्त थलोबाट खेलाडी र डेलिगेट्सलाई बाहिरी मानिसहरुको सम्पर्कमा जान दिइएको छैन। अन्तर्राष्ट्रिय फ्यानलाई पनि प्रतियोगितामा जान अनुमति दिइएको छैन।

सार्वजनिक सुचना
नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पुल माहाशाखा

झिम्री (३५ मी.) र नलगाड (११५ मी.) पुल निर्माणको सक्षिप्त वातावरणिय अध्ययन प्रतिबेदन तयारी सम्बन्धी सार्वजनिक सुचना

(प्रथम पटक प्रकाशित मितिः. २०७८/१०/२३)

कर्णाली प्रदेश, जाजरकोट जिल्ला नलगाढ नगरपालिका वडा न.२ मा निर्माण हुने झिम्री पुल र वडा न. ५ मा निर्माण हुने नलगाड पुल सडक बिभाग अन्तर्गत पुल माहाशाखाद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | | | |
|---|---|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पुल माहाशाखा<br>सडक बिभाग, चाकुपाट, ललितपुर<br>फोन नंः ०१५५२८७७१, ई-मेलः bridgebranch@dor.gov.np | | |
| प्रस्तावको व्यहोरा | पुलको नाम | झिम्री | नलगाड |
| | पुलको प्रकार | RCC Prestress | RCC Prestress |
| | पुलको कुल लम्वाई | ३५ मी. | ११५ मी. |
| | पुलको कुल चौडाई | ११ मी. | ११ मी. |
| | क्यारियज वेको चौडाई | ७.५ मी. | ७.५ मी. |
| | फुटपाथको चौडाई | १.७५ मी. | १.७५ मी. |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | नलगाड न.पा, जाजरकोट जिल्ला | | |

माथि उल्लेखित प्रस्तावको सक्षिप्त वातावरणिय अध्ययनका क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, रसायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक-साँस्कृतिक तथा आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न नलगाड नगरपालिका तथा त्यस क्षेत्रका बिद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकार व्यक्ति वा संस्थाको लिखित राय/सूझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सुचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी राय सूझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ।

राय सूझावको लागि पत्राचार गर्ने ठेगानाः

| प्रस्तावक | मन्त्रालयको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|---|
| सडक बिभाग,<br>पुल महाशाखा,<br>चाकुपाट, ललितपुर<br>फोन नंः ०१५५२८७७१<br>ई-मेलः bridgebranch@dor.gov.np | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,<br>सिंहदरवार, काठमाडौं<br>फोन नः ०१४२११७३२,<br>०१४२११३२१<br>ई-मेलः info@mopit.gov.np | हर्मिज ईन्जिनियरिङ्ग सोलुसन प्रा.ली<br>बाफल, काठमाडौं<br>फोन नः ९८०१११९९१३,<br>९८०१११९९१४<br>ई-मेलः contact@hermes.com.np |

# एफए कपबाट बाहिरियो युनाईटेड



**काठमाडौं/एजेन्सी–** म्यानचेस्टर युनाईटेड एफए कप फुटबलको चौंथो चरणबाट बाहिरिएको छ। शुक्रबार राति भएको खेलमा च्याम्पियनसिप क्लब मिड्ल्सब्रोसँग पेनाल्टी सुटआउटमा ८-७ ले पराजित हुँदै युनाईटेड बाहिरिएको हो।

खेलको निर्धारित र अतिरिक्त समय १-१ गोलको बराबरीमा सकिएपछि खेल पेनाल्टीमा गएको थियो। पेनाल्टीमा युनाईटेडका एन्थोनी इलंगा गोल गर्न चुके। ब्रुनो फर्नान्डेज, क्रिस्टियानो रोनाल्डो, ह्यारी मग्वाएर, डिएगो डालोट, स्कट म्याकटोमीने, फ्रेड र हुवान माटाले गोल गरे।

मिड्ल्सब्रोका मार्टिन पाएरो, प्याडी म्याकनेयर, ली पेल्टाएर, डेल फ्राई, डुनकान वाट्मोर, सोल बाम्बा, मार्कुस र जोनी ह्वाउसनले गोल गरे। खेल पेनाल्टीमा जानु अघि युनाईटेडले सुरुआती अग्रता बनाएको थियो। २५ औं मिनेटमा जाडोन सान्चोले गोल गर्दै युनाईटेडलाई अग्रता दिलाएका थिए। त्यसअघि २० औं मिनेटमा क्रिस्टियानो रोनाल्डोले पेनाल्टीमा गोल गर्न सकेनन्। उनले बाहिर प्रहार गरे। तर, खेलको ६४ औं मिनेटमा स्याट क्रोक्सले गोल गर्दै मिड्ल्सब्रोलाई १-१ गोलको बराबरीमा ल्याएका थिए।

कोरोना भाइरस सम्बन्धी प्रदेश बासीहरूमा सचेतना
कोरोना भाइरसबाट कसरी आफु र अरुलाई बचाउने ?
ज्वरो र खोकी लागेको व्यक्तिबाट टाढा रहने वा आफूलाई ज्वरो र खोकी लागेको छ भने पनि अरू व्यक्तिबाट टाढा रहने। घरबाहिर जाँदा अनिवार्य रूपमा मास्क लगाउने।
खोक्दा वा हाछ्युँ गर्दा नाक मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने र प्रयोग गरेको टिस्यू पेपरलाई बिर्को भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन-पानीले मिचिमिचि हात धुने वा स्यानिटाईजर प्रयोग गर्ने।
बेलाबेलामा साबुन-पानीले कम्तिमा २० सेकेन्ड मिचिमिचि हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने।
माथिका लक्षणहरू देखिए स्वास्थ्य केन्द्रमा तुरून्त जानुपर्दछ। घरैमा बस्दा परिवारका सदस्यहरूबाट १४ दिन सम्म छुट्टै आईसोलेसनमा बस्नु पर्दछ।
साथै
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।
भिम प्रशाद पोखरेल
कार्यालय प्रमुख
सामाजिक बिकाश मन्त्रालय
दैलेख

हार्दिक
मध्यान्ह
बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।
कुल बहादुर बिक
अध्यक्ष
दैलेख उद्योग बाणिज्य संघ परिवार
एबम्
भैरहवा सुनचादी पसल
नारायण नगरपालिका- १ पुरानो बजार, दैलेख

# ओमानमाथि यूएईको जित




**काठमाडौं/एजेन्सी–** यूएईले आइसिसी विश्वकप लिग-२ अन्तर्गत ५७ औं खेलमा घरेलु टोली ओमानमाथि ४ विकेटको कीर्तिमानी जित हात पारेको छ। ओमानले प्रस्तुत गरेको ३ सय ८ रनको विशाल विजयी लक्ष्य पछ्याएको यूएईले ४९ ओभरमा ६ विकेट गुमाउँदै पूरा गऱ्यो। यूएईले ओडिआईमा हालसम्मकै उच्च योगफल बनाउँदै लक्ष्य पूरा गरेको हो। यूएईको यसअघि ओडिआईमा सर्वाधिक योगफल २०१८ मा स्कटल्यान्डविरुद्ध ३ सय रन थियो। सफल रन पूरा गर्नेक्रममा उक्त कीर्तिमान तोड्दै आफ्नो ओडिआई इतिहासकै सर्वाधिक योगफल बनाएको हो।

यूएईका ओपनर चिराग सुरीले १ सय २५ बलमा १२ चौका र ५ छक्कासहित १ सय १५ रनको उत्कृष्ट शतकीय इनिङ खेले। उनको यो ओडिआई करिअरको पहिलो शतक हो। १९ वर्षिय युवा विकेटपिकर वृत्य अरविन्दले ९३ बलमा १० चौका र २ छक्कासहित ८९ रनको उत्कृष्ट अर्धशतकीय इनिङ खेले। यो उनको ओडिआई करिअरको पहिलो अर्धशतक हो। दोस्रो विकेटका लागि सुरी र अरविन्दले १ सय ८० रनको साझेदारी गरेका थिए। यूएईको ओडिआईमा कुनैपनि विकेटलाई भएको दोस्रो ठूलो साझेदारी हो।

ओमानका अलिमुल्लाहले १० ओभरमा ३ मेडनसहित ४३ रन खर्चेर ३ विकेट लिए। बिलाल खानको नाममा २ विकेट रह्यो।

त्यसअघि अल अमरेत क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको ओमानले ५० ओभरमा ७ विकेट गुमाउँदै ३ सय ७ रन बनाएको थियो। ओमानका जतिन्दरसिंहले ९५ बलमा १४ चौका र ४ छक्कासहित १ सय ६ रनको शतकीय इनिङ खेलेपनि बलिङ नचल्दा टोली पराजित भयो। यूएईका काशिफ दाउद र जहुर खानले २-२ विकेट लिए।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी
एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :
१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ। साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ।
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :
१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ। विद्युतजन्य उपकरणको प्रयोग नगरौ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ।
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, टेकु, काठमाडौं, नेपाल
फोन नं: ०१-५३६४९७५, ५३६४९७४

नागरिक पेन्सन योजना
यस योजना अर्न्तगत आय आर्जन गर्ने, प्रचलित कानून बमोजिम स्थापना भएका संघ, संस्था, एवं प्रतिष्ठानमा कार्यरत श्रमिक/कर्मचारी, स्वरोजगारमा रहेका सर्वसाधारण र गैर आवासिय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक सहभागी हुन सक्नेछन्।
बचत गर्न सकिने सीमा :
यसमा सहभागी हुने बचतकर्ताहरुले न्यूनतम मासिक रु.५००/- देखि अधिकतम आम्दानीको क्षमता अनुसार १० ले भाग जाने संख्यामा जम्मा गर्न सक्ने छन। बचतकर्ताको आम्दानीको आधारमा मासिक/त्रैमासिक/अर्धवार्षिक/वार्षिकरुपमा रकम जम्मा गर्न सकिने विशेषता समेत यस कार्यक्रममा रहेको छ। यसमा रकम जम्मा गर्दा मासिक रु.५००।- भन्दा कम नहुने गरी जम्मा गर्नु पर्नेछ।
पेन्सन पाउन योग्य हुने अवस्था :
★ पेन्सन प्राप्त गर्न बचतकर्ताको उमेर साठी वर्ष पुरा भएको र कम्तीमा १५ वर्ष योगदान गरेको हुनुपर्नेछ।
★ बचतकर्ताले जम्मा गर्न सुरु गरेको २ वर्ष बचत गरी सकेपश्चात जुनसुकै समयमा कार्यक्रमबाट हट्न चाहेमा त्यसको सावाँ, ब्याज र थप प्रतिफल लिई एकमुष्ठ भूक्तानी पाउने गरी हट्न सक्छन।
पेन्सन गणना विधि :
यस योजनाका सहभागीले जम्मा गरेको बचत, त्यसको ब्याज र कोषको लगानीबाट प्राप्त थप प्रतिफल समेत जोडी हुन आउने कुल रकमलाई १७० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निज वा निजको आश्रित परिवारले पेन्सनको रुपमा पाउनेछन्।
योजनामा रकम जम्मा गर्ने विधि :
★ सहभागी बचतकर्ताले जम्मा गर्नु पर्ने रकम कोषले तोकेको बैंक खातामा भौचर मार्फत वा बिद्युतिय भुक्तानी मार्फत जम्मा गर्न सक्नेछन्। कोषद्वारा तोकिएको खातामा रकम जम्मा नभएमा उक्त रकमप्रति कोषको कुनै दायित्व रहने छैन।
★ कोषमा रकम जम्मा गर्दा सम्बन्धित सहभागी बचतकर्ताको नाम र कोषले प्रदान गरेको परिचय नम्बर अनिवार्य रुपले उल्लेख गर्नु पर्ने छ।
★ रकम जम्मा गर्दा आफ्नो सही नाम र कोषले प्रदान गरेको परिचय नम्बर उल्लेख गर्नु पर्ने दायित्व सम्बन्धित बचतकर्ताको हुनेछ। गलत नाम वा परिचय नम्बर उल्लेख भई रकम जम्मा भएमा त्यसको जिम्मेवारी कोषले लिने छैन।
★ उमेरमा कमाऔं, जमाऔं बुढेशकालमा रमाऔं को नारा सहित ल्याइएको यो कार्यक्रमबाट आम स्वरोजगारमा रहेका सर्वसाधारणलाई आफनो कमाईबाट आफै पेन्सन लिन सकिन्छ भन्ने अवधारणा विकास हुने अपेक्षा रहेको छ।
नागरिक लगानी कोष, केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं
सम्पर्क नं- ४७८१६७३,४७८५३२०,४७८५३२५,४७८५३२१

कोरोना भाइरस सम्बन्धी जिल्ला बासीहरूमा सचेतना
भ्याक्सिन लगाउनुहोस्
हाच्छ्युँ गर्दा कुहिनोले नाक-मुख ढाक्नुहोस्
मास्क लगाउन नछुटाउनुहोस्
सामाजिक दुरी कायम राख्नुहोस्
बेला बेलामा हात धोइरहनुहोस्
साथै
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।
ई. गौरव पाण्डे
प्रमुख
नेपाल विधुत प्राधिकरण
दैलेख वितरण केन्द्र

आर्थिक
www.madhyanhadaily.com

२३ माघ २०७८, आइतबार
06 February 2022, Sunday

## विद्युतीय कारोबारमा ठगी बढ्यो

# सचेत रहन राष्ट्र बैंकको आग्रह



**काठमाडौं/रासस -** पछिल्लो समय आर्थिक कारोबारमा विद्युतीय माध्यमको प्रयोग बढ्दो छ । विद्युतीय भुक्तानी पूर्वाधारमा भएको विकास, कारोबारका लागि गरिएको प्रोत्साहन र सर्वसाधारणको आधुनिक उपकरण प्रयोगमा बढ्दो अभ्यासका कारण यस्ता कारोबारमा उल्लेख्य वृद्धी भएको देखिन्छ ।

केन्द्रीय बैंकको सार्वजनिक पछिल्लो तथ्यांक अनुसार चालु आर्थिक वर्षको गत मंसिर महिनामा मात्रै ४८ खर्ब ४५ अर्ब भन्दा धेरै रकम विद्युतीय माध्यमबाट कारोबार भएको छ । जसमा आरटिजिए मार्फत मात्रै ३४ खर्ब ७७ अर्ब भन्दा बढीको कारोबार भएको छ । बैंकको विवरण अनुसार गत आवको मङ्सिर महिनामा विद्युतीय कारोबार २३ खर्ब ७७ अर्ब भन्दा बढीको थियो । कारोबार तथा भुक्तनीमा एटिएम, वालेट, मोबाइल बैंकिङ, कनेक्ट आइपिएस, क्यूआर कोडमा आधारीत भुक्तानी प्रणालीलगायत माध्यमको प्रयोग उल्लेख्य रुपमा बढेको छ ।

आर्थिक कारोबारमा विद्युतीय माध्यमको प्रयोग उल्लेख्य रुपमा वृद्धि हुँदै गर्दा विभिन्न नाममा ठगी पनि बढ्दै गएको छ । चिट्ठा परेको भन्ने प्रलोभन, मोबाइल एप्लिकेशनको दुरुपयोग, अपरिचित व्यक्तिबाट आफ्नो पासवर्ड तथा ओटिपी विभिन्न वहानामा माग गरिनु जस्ता क्रियाकलाप बढेको भन्दै नेपाल राष्ट्र बैंकले सर्वसाधारणलाई त्यस बारे सजग र सुरक्षित रहन सुझाव दिएको छ । केन्द्रीय बैंकले शुक्रबार विद्युतीय माध्यमबाट वित्तीय कारोबार गर्दा हुनसक्ने जोखिमका सम्बन्धमा सर्वसाधारणका लागि सूचना जारी गर्दै विभिन्न विद्युतीय उपकरणको माध्यमबाट घरमै बसेर कारोबार गर्दा आपराधिक व्यक्ति तथा समूहले विभिन्न प्रयोग गरी ग्राहकलाई ठगी गरिरहेको भन्ने गुनासा बढ्न थालेकाले विद्युतीय भुक्तानीमा विशेष ध्यान दिन प्रयोगकर्तालाई अनुरोध गरेको छ ।

अहिलेको समयमा सामाजिक सञ्जालमार्फत चिनेजानेका मान्छेको नाममा रकम माग गर्ने, बैंकबाट फोन गरेको भनी ईन्टरनेट बैंकिङ अथवा मोबाइल बैकिङको युजरनेम तथा पासवर्ड माग्ने, नक्कली वेवसाइट बनाई ग्राहकका गोप्य सूचनाहरु लिने, ठूलो रकमको चिट्ठा परेको भनी लोभ देखाई रकम हस्तान्तरण गर्ने बहानामा उल्टै रकम माग गर्ने, गैरकानुनी उपकरणमा लगानी गर्न उत्प्रेरणा गर्ने जस्ता क्रियाकलाप बढ्दै गएको भन्दै यस प्रकारका ठगी बाट बच्न र सुरक्षित कारोबार गर्न सर्वसाधारणलाई राष्ट्र बैंकले सूचनामार्फत ध्यानाकर्षण गरेको छ । केन्द्रीय बैंकले अपरिचित व्यक्तिलाई आफ्नो पासर्वड, ओटीपी वा अन्य कुनैपनि संवेदनशील जानकारी नदिन, आफ्नो पासवर्ड समयसमयमा परिवर्तन गर्न तथा यस्ता पासवर्ड गोप्य राख्न भनेको छ । त्यस्तै सर्वसाधारणलाई अपरिचित व्यक्तिले सामाजिक सञ्जाल वा कुनै विद्युतीय माध्यमबाट म्यासेज पठाइ रकम पठाउन आग्रह गरेमा रकम पठाउनुअघि सोही व्यक्तिले रकम माग गरे नगरेको व्यहोरा अन्य माध्यमबाट यकीन गरेर मात्र त्यस्तो रकम पठाउन आग्रह गरेको ।

त्यस्तै अनावश्यक तथा अनधिकृत एप्लिकेशन मोबाइल वा अन्य उपकरणमा डाउनलोड गर्दा आफ्ना संवेदनशील सूचनाहरु आपराधिक समूहले पत्ता लगाउन सक्ने भएकाले त्यस्ता अनावश्यक तथा अनधिकृत एप्लिकेशन प्रयोग नगर्न बैंकले सुझाएको छ । सामाजिक सञ्जाल लगायत प्रणालीको प्रयोग गरेर रकम भुक्तानी गर्ने बहानामा बारकोड तथा क्यूआर कोड पठाएर अथवा एप्लिकेशनको पासवर्ड आवश्यक छ भनेर माग गरेमा त्यस्ता कार्यलाई शंकास्पद मानेर सचेत रहन समेत राष्ट्र बैंकले सूचनामार्फत सर्वसाधारणलाई आग्रह गरेको छ । राष्ट्र बैंकले वेबसाइटमार्फत कारोबार गर्नुअघि आधिकारिक वेवसाइट हो वा होइन यकीन गरेर मात्र कारोबार गनुपर्नेमा जोड दिएको छ । आधिकारीक वेबसाइटको सुनिश्चितता पश्चातमात्र आर्थिक कारोबार गर्नुपर्नेमा बैंकले जोड दिएको छ । विभिन्न माध्यमबाट आर्थिक कारोबार गर्दा आँफू ठगिएको शंका लागेमा अथवा त्यस बारे गुनासा रहेमा कारोबार गर्ने बैंक तथा वित्तीय संस्था एवम् राष्ट्र बैंकमासमेत सम्पर्क गरी गुनासो वा उजुरी दर्ता गर्न सकिने राष्ट्र बैंकले जनाएको छ ।

## हुन्डाईले ४० स्थानमा चार्जिङ स्टेशन निर्माण गर्ने

**काठमाडौं/मस –** नेपालका लागि हुन्डाई मोटर्सको आधिकारीक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टलले इलेक्ट्रिक भेहिकलको चार्जिङ स्टेशन विस्तार गर्ने भएको छ । कम्पनीले नेपालको सबै स्थानलाई समेट्नेगरी अहिलेसम्म देशका विभिन्न ४० स्थानमा चार्जिङ स्टेशन स्थापना गरेको छ । कम्पनीले बिक्री गर्ने विद्युतीय कारको बढ्दो मागसँगै इन्टरकन्टिनेन्टलले इलेक्ट्रीक सवारीसाधनको लागि आवश्यक पूर्वाधार निर्माणलाई प्राथमिता दिएर काम गरेको हो । हुन्डाईको इलेक्ट्रीक गाडी चढ्ने ग्राहकहरुलाई उत्कृष्ट अनुभव प्रदान गर्न र लामो दुरीको यात्रा पनि इलेक्ट्रीकमा गर्न सक्ने बनाउन देशका विभिन्न स्थानमा चार्जिङ स्टेशनहरु स्थापना गरेको कम्पनीले जनाएको छ । नेपालको सबै हाइवे र स्थानीय रुटहरुमा पेट्रोल पम्पको एथेस्ट उपलब्धता भएता पनि इभी चार्जिङ पोइन्ट नभएकोले नै कम्पनीले क्रमिकरुपमा चार्जिङ नेटवर्क विस्तार गर्दै गएको हो ।

हार्दिक बधाई तथा शुभकामना
यात्रा २० औं वर्षको
१९ औं वार्षिकोत्सव
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जनका साथै विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
ईश्वर जि.सी.
प्रबन्ध निर्देशक
तथा
अक्सफोर्ड इन्टरनेशनल प्रा. लि.
परिवार
जावलाखेल चोक, ललितपुर, नेपाल, फोन: ५५५५५३१, ५५५५६८३, ५५५५९८३

हार्दिक
बधाई तथा शुभकामना
मध्यान्ह
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
बल बहादुर तामाङ
(अध्यक्ष)
तथा
स्काई ओभरसिज प्रा. लि.
परिवार

कोरोना भाइरस सम्बन्धी जिल्ला बासीहरुमा सचेतना
कोरोना भाइरसबाट कसरी आफु र अरुलाई बचाउने ?
साथै
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
प्रेम बहादुर थापा, समन्वय प्रमुख
लक्ष्मीदेवि शाह, उपप्रमुख
जिल्ला समन्वय समिती कार्यालय
दैलेख

कोरोना भाइरस सम्बन्धी सचेतना
निम्न समावेश हुन सक्ने 'ओमिक्रोन'का लक्षणहरू बारे जान्नुहोस्:
श्वास-प्रश्वासमा कमी वा श्वास फेर्नमा कठिनाई हुने
ज्वरो वा चिसो लाग्ने
मांशपेशी वा जिउ दुख्ने
स्वाद वा गन्धमा ह्रास
यो सूची सबै सम्भावित लक्षणहरुको सूची होइन । कृपया अन्य कुनै पनि लक्षणहरु गम्भीर भएमा वा तपाईसँग सम्बन्धित भएमा आफ्नो नजिकमा रहेको चिकित्सकीय प्रदायकलाई सम्पर्क गर्नुहोस् ।
साथै
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
नरेन्द्र बहादुर थापा
कार्यालय प्रमुख
कृषि विकास कार्यालय
दैलेख

कोरोना भाइरस सम्बन्धी नगरपालिका बासीहरुमा सचेतना
भ्याक्सिन लगाउनुहोस्
सुरक्षित सामाजिक दुरी कायम राख्नुहोस्
मास्क लगाउन नछुटाउनुहोस्
हाच्छ्युँ गर्दा कुहिनोले नाक-मुख ढाक्नुहोस्
बेला बेलामा हात धोइरहनुहोस्
साथै
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
रत्न बहादुर खड्का, नगरप्रमुख
साबित्रि मल्ल, उपप्रमुख
भक्त बहादुर मल्ल, प्रमुख प्रसासकिय अधिकृत
नारायण नगरपालिका
नगर कार्यापालिको कार्यालय
नयाँ बजार दैलेल

कोरोना भाइरस सम्बन्धी सचेतना
भ्याक्सिन लगाउनुहोस्
सुरक्षित सामाजिक दुरी कायम राख्नुहोस्
मास्क लगाउन नछुटाउनुहोस्
हाच्छ्युँ गर्दा कुहिनोले नाक-मुख ढाक्नुहोस्
बेला बेलामा हात धोइरहनुहोस्
साथै
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
थिर प्रसाद रेग्मी
कार्यालय प्रमुख
स्वास्थ्य सेवा कार्यालय
दैलेख

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पूरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
यादव पोखरेल
प्रबन्ध निर्देशक
मकालु एड्भरटाईजिङ्ग प्रा.लि.
ईटहरी, सुनसरी, सम्पर्क नं.: ९८४११६००७३

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१-४२२६३६६, ०१-४२२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादक: **मदनकुमार श्रेष्ठ**